# नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७९

# नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ को व्यवस्थाबमोजिम विप्रेषण कारोबारका लागि इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था, विप्रेषण कारोबार गर्न इजाजतपत्र लिएका संस्थाहरूको काम तथा कर्तव्य सम्बन्धी व्यवस्था, इजाजतपत्रको नवीकरण, निलम्बन तथा खारेजी सम्बन्धी व्यवस्था, कसूर, दण्ड सजाय र कारबाही सम्बन्धी व्यवस्था र इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरू एक आपसमा गाभ्ने-गाभिने वा प्राप्ति गर्ने सम्बन्धी व्यवस्था लगायत विप्रेषण कारोबार सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उप-दफा (२) र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विनियमावलीको नाम "नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।[1]

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "आदेश वा निर्देशन वा सूचना" भन्नाले राष्ट्र बैंकले ऐन वा प्रचलित कानून बमोजिम समय समयमा जारी गरेको आदेश वा निर्देशन वा सूचना सम्झनु पर्छ ।

(ख) "इजाजतपत्र" भन्नाले विदेशबाट बैंकिङ्ग प्रणाली मार्फत नेपालमा विदेशी मुद्रा भित्र्याई सरोकारवालालाई भुक्तानी उपलब्ध गराउने कार्य गर्न राष्ट्र बैंकले विप्रेषण कम्पनीको नाममा जारी गरेको इजाजतपत्र सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्झनु पर्छ ।

(घ) ''गभर्नर'' भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १५ बमोजिम नियुक्त राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(ङ) "निवेदक" भन्नाले विप्रेषण कारोबार गर्ने इजाजतपत्रका लागि निवेदन पेश गर्ने कम्पनीको शेयरधनी तथा पदाधिकारी वा कम्पनी संस्थापना गरी शेयरधनी तथा पदाधिकारी हुन इच्छुक प्राकृतिक व्यक्ति सम्झनु पर्छ । सो शब्दले इजाजतपत्र नवीकरणका लागि निवेदन पेश गर्ने पदाधिकारी समेतलाई सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले विप्रेषण कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, कम्पनी सचिव र कुनै विषयमा निर्णय गर्ने अख्तियारी प्राप्त प्राकृतिक व्यक्ति सम्झनु पर्छ ।

(छ) "परिवर्त्य विदेशी मुद्रा" भन्नाले नेपाल राष्ट्र बैंक ऐन अनुसार राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन र प्रशारण गरी परिवर्त्य विदेशी मुद्रा भनी तोकिदिएको विदेशी मुद्रा सम्झनु पर्छ ।

(ज) "बैंक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न संस्थापना भएको राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

---

[1] नेपाल राष्ट्र बैंक सञ्चालक समितिको मिति २०७९/१०/०३ मा बसेको ३६/२०७९ औं बैठकबाट स्वीकृत भएको ।

(ञ) “राष्ट्र बैंक” भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ञ) “विभाग” भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ट) “विभागीय प्रमुख” भन्नाले राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागका प्रमुख सम्झनु पर्छ ।

(ठ) “वित्तीय संस्था” भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (२) बमोजिमको कारोबार गर्न संस्थापना भएको राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था र सोही ऐनको दफा ४९ को उपदफा (३) बमोजिमको कारोबार गर्न संस्थापना भएको राष्ट्र बैंकबाट “ग” वर्गको इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

(ड) “विदेशी मुद्रा” भन्नाले नेपाली मुद्रा बाहेकका अन्य मुद्रा सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्इङ्ग राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा राष्ट्र बैंकले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रशारण गरी तोकिदिएको अन्य उपकरण समेतलाई सम्झनु पर्छ ।

(ढ) “विप्रेषण कम्पनी” भन्नाले विप्रेषण कारोबार गर्ने राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त कम्पनी सम्झनु पर्छ । सो शब्दले विप्रेषण कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था समेतलाई जनाउँछ ।

(ण) “विप्रेषण कारोबार” भन्नाले विदेशमा रकम फिर्ता गर्नुपर्ने दायित्व नहुने गरी राष्ट्र बैंकले तोकिदिएको विदेशी मुद्रा बैंकिङ्ग प्रणाली मार्फत नेपाल भित्र्याई सरोकारवालालाई भुक्तानी गर्ने कार्य सम्झनु पर्छ ।

(त) “सञ्चालक” भन्नाले विप्रेषणको कारोबार गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ ।

(थ) “सब-एजेण्ट वा सब-रिप्रिजेन्टेटिभ” भन्नाले सरोकारवाला व्यक्तिलाई भुक्तानी प्रदान गर्न विप्रेषण कम्पनीद्वारा नियुक्त फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(द) “सम्बन्धित सुपरिवेक्षण विभाग” भन्नाले राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागलाई सम्झनु पर्छ ।

## परिच्छेद - २
## बैंक तथा वित्तीय संस्था बाहेकका कम्पनीलाई इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था

३. इजाजतपत्र लिनुपर्ने : (१) विप्रेषणको कारोबार गर्न यस विनियमावली बमोजिम विभागबाट इजाजतपत्र लिनु पर्नेछ ।

४. इजाजतपत्रका लागि निवेदन दिनुपर्ने : (१) विभागले देहायबमोजिमको प्रक्रिया अपनाई विप्रेषणको कारोबार गर्नका लागि सैद्धान्तिक सहमति प्रदान गर्न सक्नेछ :-
(क) विप्रेषण कारोबार गर्ने निवेदन आह्वान गरेको आधारमा, वा
(ख) विप्रेषण कारोबार गर्न पाउँ भनी प्राप्त भएको निवेदनको आधारमा ।

(२) उपविनियम (१) बमोजिम विप्रेषणको कारोबार गर्ने सैद्धान्तिक सहमतिका लागि निवेदकले **अनुसूची-१** बमोजिमको ढाँचामा **अनुसूची-२** बमोजिमका कागजातहरू संलग्न गरी विभागमा निवेदन दिनुपर्नेछ ।

(३) विप्रेषणको कारोबार गर्न निवेदन दिने निवेदक, शेयरधनी तथा पदाधिकारीको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) मानसिक सन्तुलन ठीक भएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा नपरेको,

(घ) बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको,

(ङ) प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने दायित्व भएमा त्यस्तो कर चुक्ता गरेको,

(च) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको,

(छ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको,

(ज) कुनै सरकारी, सार्वजनिक वा बैंक तथा वित्तीय संस्थाको सेवाको पदमा बहाल नरहेको,

(झ) बैंक तथा वित्तीय संस्थासँगको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित नभएको,

(ञ) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा सजाय नपाएको ।

(ट) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको (प्रमाण पेश गर्नु पर्ने) ।

(४) विनियम (३) मा उल्लिखित योग्यताका अतिरिक्त राष्ट्र बैंकले आवश्यकतानुसार थप Fit and Proper Test समेत गर्न सक्नेछ ।

५. सैद्धान्तिक सहमति प्रदान गर्ने : (१) विनियम ४ को उपविनियम (२) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न कागजातको जाँचबुझ गरी राष्ट्र बैंकले कुनै शर्त तोकी वा नतोकी निवेदन पर्न आएको ३० दिनभित्र **अनुसूची-३** बमोजिमको ढाँचामा सैद्धान्तिक सहमति प्रदान गर्न सक्नेछ ।

६. पूँजी सम्बन्धी व्यवस्था : (१) विनियम ४ को उपविनियम (२) बमोजिम निवेदन दिने कम्पनीले विप्रेषणको कारोबार गर्ने इजाजतपत्र प्राप्त गर्न देहाय बमोजिमको न्यूनतम चुक्ता पूँजी कायम गर्नु पर्नेछ :-

(क) विनियम ११ बमोजिमको कारोबार गर्न न्यूनतम २५ करोड रुपैयाँ चुक्ता पूँजी कायम गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बाहेक अन्यको हकमा न्यूनतम १० करोड रुपैयाँ चुक्ता पूँजी कायम गर्नु पर्नेछ ।

(२) यस विनियमावली लागू हुनु पूर्व इजाजतपत्र लिएका विप्रेषण कम्पनीले उपविनियम (१) को खण्ड (क) बमोजिमको पूँजी पुऱ्याए पश्चात् मात्र विनियम ११ बमोजिमका कार्य गर्न सक्नेछ ।

(३) यस विनियमावली लागू हुनु पूर्व इजाजतपत्र लिएका विप्रेषण कम्पनीले उपविनियम (१) को खण्ड (ख) बमोजिमको पूँजी २०८५ असारमसान्तसम्ममा पुऱ्याउनु पर्नेछ ।

(४) उपविनियम (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि विप्रेषण कम्पनीले २०८१ असार मसान्तभित्र न्यूनतम रु. ३ करोड, २०८२ असार मसान्तभित्र न्यूनतम रु. ४ करोड, २०८३ असार मसान्तभित्र न्यूनतम रु. ६ करोड, २०८४ असार मसान्तभित्र न्यूनतम रु. ८ करोड र २०८५ असार मसान्तभित्र न्यूनतम रु.१० करोड चुक्ता पूँजी पुऱ्याउनु पर्नेछ ।

(५) उपविनियम (१), (२), (३) र (४) बमोजिमको पूँजी पुऱ्याउने प्रयोजनको लागि विप्रेषण कम्पनीहरू **परिच्छेद-७** बमोजिम गाभ्ने-गाभिने तथा प्राप्तिमा समेत सहभागी हुन सक्नेछन् ।

७. इजाजतपत्र प्रदान गर्ने : (१) विनियम ५ बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेको विप्रेषण कम्पनीले **अनुसूची-४** बमोजिमको ढाँचामा **अनुसूची-५** बमोजिमका कागजातहरू संलग्न गरी सैद्धान्तिक सहमति प्राप्त गरेको ६० दिनभित्र इजाजतपत्रका लागि विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्राप्त निवेदनसाथ संलग्न कागजातको अध्ययन तथा भौतिक पूर्वाधार समेतको स्थलगत निरीक्षण गर्दा विप्रेषण कार्यको लागि इजाजतपत्र प्रदान गर्न उपयुक्त देखिएमा विभागले विनियम ६ को उपविनियम (१) को खण्ड (क) बमोजिमको विप्रेषण कम्पनीको लागि एकमुष्ट रु. २ लाख रुपैयाँ र अन्य विप्रेषण कम्पनीको लागि एकमुष्ट रु. १ लाख रुपैयाँ इजाजत शुल्क लिई ५ वर्षको लागि **अनुसूची-६** बमोजिमका शर्तहरूको अधीनमा रही **अनुसूची-७** बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

(३) विनियम ६ को उपविनियम (१) को खण्ड (क) बमोजिमको विप्रेषण कम्पनीको लागि २ करोड रूपैयाँको र अन्यको हकमा १ करोड रूपैयाँको धरौटी राष्ट्र बैंकमा राख्नु पर्नेछ ।

(४) उपविनियम (३) बमोजिमको धरौटी रकम नगद वा बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानतको रूपमा राख्न सकिनेछ । जमानतको रुपमा धरौटी पेश भएको हकमा त्यस्तो जमानतको मान्य अवधि इजाजतपत्रको म्यादभन्दा कम्तीमा १२ महिना पछिसम्म कायम रहेको हुनु पर्नेछ ।

(५) उपविनियम (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो विनियमावली लागू हुनु पूर्व इजाजतपत्र प्राप्त गरिसकेका विप्रेषण कम्पनीहरूको हकमा विनियम ६ को उपविनियम (१) को खण्ड (क) बमोजिम रु. २५ करोड चुक्ता पूँजी पुऱ्याएका विप्रेषण कम्पनीबाट प्राप्त निवेदनको आधारमा विभागले साबिकको इजाजतपत्र फिर्ता लिई विनियम ११ बमोजिमको कारोबार गर्न सक्ने व्यहोरा समेत उल्लेख गरी साबिकको अवधिसम्मको लागि नयाँ इजाजतपत्र प्रदान गर्नेछ । यस प्रयोजनको लागि कुनै शुल्क लाग्ने छैन ।

## परिच्छेद - ३
## बैंक तथा वित्तीय संस्थालाई विप्रेषण कारोबार गर्ने इजाजतपत्र प्रदान गर्ने सम्बन्धी व्यवस्था

८. बैंक तथा वित्तीय संस्थालाई इजाजतपत्र प्रदान गर्ने : (१) राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले विप्रेषणको कारोबार गर्न यस विनियमावली बमोजिम विभागबाट इजाजतपत्र लिनु पर्नेछ ।

(२) विप्रेषण कारोबार गर्ने इजाजतपत्र प्राप्त गर्न इच्छुक बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालयले **अनुसूची-८** को ढाँचामा **अनुसूची-९** बमोजिमका कागजातहरू संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम प्राप्त निवेदन तथा सो साथ संलग्न कागजातहरूको अध्ययन गरी विप्रेषण कार्यको लागि इजाजतपत्र प्रदान गर्न उपयुक्त देखिएमा बैंक तथा वित्तीय संस्थालाई विभागले एकमुष्ट २ लाख रुपैयाँ शुल्क लिई ५ वर्षको लागि **अनुसूची-६** बमोजिमका शर्तहरूको अधीनमा रही **अनुसूची-१०** को ढाँचामा इजाजतपत्र प्रदान गर्न सक्नेछ । विप्रेषण कारोबार गर्न बैंक तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालयलाई इजाजतपत्र प्रदान गरिनेछ । बैंक तथा वित्तीय संस्थाका प्रत्येक शाखा कार्यालयले इजाजतपत्र लिनु पर्ने छैन । बैंक तथा वित्तीय संस्थालाई विनियम ५ बमोजिमको सैद्धान्तिक सहमति र विनियम ७ को उप-विनियम (३) बमोजिमको धरौटी रकम आवश्यक पर्ने छैन ।

## परिच्छेद - ४
## विप्रेषण कम्पनीको काम तथा कर्तव्य

९. विप्रेषण कारोबार गर्दा पालना गर्नुपर्ने शर्तहरू : विप्रेषण कारोबार गर्न **परिच्छेद-२** र **परिच्छेद-३** बमोजिम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले प्रचलित कानून तथा सो अन्तर्गत राष्ट्र बैंकले समयसमयमा जारी गरेको परिपत्र, आदेश, निर्देशन, सूचना लगायत देहायका शर्तहरूको अधीनमा रही विदेशी मुद्रामा विप्रेषण नेपाल

भित्र्याउने (इनवार्ड रेमिट्यान्स) कार्य गरी आफै वा आफूद्वारा नियुक्त सब-एजेण्ट वा सब-रिप्रिजेन्टेटिभमार्फत सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी गर्नु पर्नेछ :-

(क) विप्रेषणको कार्य गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले विदेशबाट अग्रिम भुक्तानी (Pre-Funding) को रुपमा बैकिङ्ग प्रणाली मार्फत विप्रेषणको रकम विदेशी मुद्रामा नेपाल ल्याउनु पर्नेछ,

(ख) खण्ड (क) बमोजिम विप्रेषणको रकम अग्रिम भुक्तानीको रुपमा प्राप्त नभई नेपालमा सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी दिएपछि शोधभर्नाको रुपमा रकम प्राप्त हुने अवस्थामा त्यस्तो रकमको जमानतका लागि भुक्तानी दिएको सम्पूर्ण रकमलाई खाम्ने गरी सम्बन्धित विदेशी फर्म, कम्पनी, संस्थाको तर्फबाट विदेशी बैंकबाट जारी भएको विदेशी मुद्राको कुनै पनि शर्त उल्लेख नभएको (Unconditional) जमानत वा सम्बन्धित विदेशी फर्म, कम्पनी, वा संस्थाबाट विदेशी मुद्राको नगद धरौटी प्राप्त गरेको हुनु पर्नेछ । यसरी प्राप्त भएको जमानत र नगद धरौटीको रकमले खामेभन्दा बढी हुने गरी सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी गर्न पाइने छैन । विप्रेषण कम्पनीले विदेशी फर्म, कम्पनी वा संस्थाबाट केही रकम अग्रिम भुक्तानीको रुपमा र केही रकम बैंक जमानतको रुपमा समेत प्राप्त गर्न सक्नेछ,

(ग) खण्ड (ख) बमोजिमको कारोबार गर्ने विप्रेषण कम्पनीले नेपालमा रहेका सम्बन्धित व्यक्ति (Beneficiary) लाई उपलब्ध गराएको रकमको शोधभर्ना सम्बन्धित विदेशी फर्म, कम्पनी, संस्थाबाट विदेशी मुद्रामा नै प्राप्त गर्नुपर्नेछ,

(घ) खण्ड (ख) र (ग) बमोजिम नेपालमा सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी दिएको रकम विदेशस्थित फर्म, कम्पनी, वा संस्थाबाट शोधभर्ना लिनु पर्ने कर्तव्य सम्बन्धित विप्रेषण कम्पनीको हुनेछ,

(ङ) विप्रेषण कारोबारबाट सृजना हुने कुनै पनि किसिमको आर्थिक वा विदेशी विनिमय दायित्व राष्ट्र बैंकले बहन गर्ने छैन,

(च) विप्रेषण कम्पनीले आफूले पाउने कमिशन विदेशी मुद्रामा नै प्राप्त गर्नु पर्नेछ,

(छ) विप्रेषण सम्बन्धी कारोबारको सिलसिलामा कुनै किसिमको अनियमितता गर्नु हुँदैन,

(ज) विप्रेषण कम्पनीले विदेशी मुद्रा प्राप्त गर्ने (इनवार्ड रेमिट्यान्स) कार्य गर्न पाउने छ,

(झ) विप्रेषण बापत प्राप्त भएको विदेशी मुद्रा राष्ट्र बैंकले तोकिदिएको अवधिसम्म विदेशी मुद्रामा नै बैंक तथा वित्तीय संस्थामा खाता खोली राख्न पाइने छ,

(ञ) विप्रेषण कम्पनीले कार्यनीति तथा शर्तहरू सहितको आन्तरिक नियम बनाई सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटीभ नियुक्त गर्न सक्नेछ र यसरी नियुक्त गरेका सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटीभले गरेको विप्रेषण कारोबारको जिम्मेवारी सम्बन्धित विप्रेषण कम्पनीको हुनेछ,

(ट) विप्रेषण कम्पनीले सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटिभ नियुक्त गर्दा आफ्नो बाहेक अन्य विप्रेषण कम्पनीको सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटिभ भई कार्य गर्न नपाउने शर्त राख्न पाउने छैन,

(ठ) विप्रेषण कम्पनीले विदेशबाट प्राप्त विदेशी मुद्रा वैधानिक श्रोतबाट प्राप्त भएको तथा गैरकानूनी रुपमा आर्जन गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) प्रयोजनका लागि विप्रेषण भएको होइन भन्ने कुरामा यकिन गर्नु पर्नेछ र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित राष्ट्रिय-अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूको पालना गर्नु पर्नेछ,

(ड) विप्रेषण कारोबारको इजाजतपत्र सर्वसाधारणले देख्ने गरी कारोबार गर्ने स्थानमा राख्नु पर्नेछ,

(ढ) विप्रेषण कम्पनीले सेवाग्राहीसँग तोकिएको सेवा शुल्क भन्दा अन्य कुनै किसिमको शुल्क लिन पाइने छैन । साथै, सेवाग्राहीलाई सेवा शुल्क बाहेक अन्य कुनै व्ययभार नपर्ने (सम्झौता गरिएको विदेशी फर्म, कम्पनी वा संस्थाले समेत) व्यवस्था मिलाउनु पर्नेछ । साथै, विप्रेषण कारोबारसँग सम्बन्धित कुनै पनि शुल्क तथा व्ययभार Beneficiary सँग लिन नपाइने व्यवस्था मिलाउनु पर्नेछ,

(ण) **परिच्छेद-२** बमोजिमका इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले राष्ट्र बैंकको स्वीकृतिमा नेपालभित्र शाखा कार्यालय स्थापना गर्न सक्नेछ । यस प्रयोजनको लागि विभागले आवश्यक अध्ययन र भौतिक पूर्वाधार समेतको स्थलगत निरीक्षण गर्न गर्नेछ,

(त) राष्ट्र बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक संस्थासँग सम्झौता गरी विदेशी मुद्रा पठाउने व्यक्ति वा संस्थाको अनुरोधमा भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक संस्थामार्फत निजको तर्फबाट भुक्तानी गरिदिन सक्नेछ । तर, नगद प्रयोग गरी यस्तो भुक्तानी गर्न पाइने छैन,

(थ) राष्ट्र बैंकले समय-समयमा तोकिदिए बमोजिमका अन्य कार्यहरू ।

१०. <u>विप्रेषण कम्पनीले गर्न नहुने काम</u> : (१) विप्रेषण कम्पनीले देहायका काम गर्नु वा गराउनु हुँदैन :-

(क) विदेशी मुद्रा नेपालबाट विदेशमा (Outward Remittance) पठाउन पाइने छैन ।
तर, राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले प्रचलित व्यवस्थाको अधीनमा रही अन्तर्राष्ट्रिय भुक्तानी लगायत अन्य आवश्यक कार्य गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन,

(ख) व्यापार गर्ने उद्देश्यले मालसामान खरिद बिक्री गर्न, अन्य फर्म, संस्था वा कम्पनीमा लगानी गर्न वा कार्यालय प्रयोजनको निमित्त आवश्यक पर्ने बाहेक भवन निर्माण गर्न, अचल सम्पत्ति खरिद गर्न पाइने छैन ।
तर, राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई प्रचलित कानून बमोजिम लगानी गर्न बाधा पर्ने छैन,

(ग) कर्मचारी सेवा विनियमावली बमोजिम आफ्ना कर्मचारी बाहेक अन्य कसैलाई कुनै पनि किसिमको कर्जा तथा सापटी प्रदान गर्न पाइने छैन ।
तर, राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले प्रचलित कानून बमोजिम कर्जा तथा सापटी प्रदान गर्न सक्नेछ,

(घ) राष्ट्र बैंकबाट प्रदान भएको इजाजतपत्रमा तोकिएका कार्यहरू बाहेक विदेशी विनिमय सम्बन्धी प्रचलित कानूनले निषेध गरेका अन्य कुनैपनि कारोबार गर्न पाइने छैन,

(ङ) पूँजीगत प्रकृतिका कारोबारको रकम भित्र्याउन पाइने छैन ।
तर, यो व्यवस्था इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई लागू हुने छैन,

(च) विदेशस्थित फर्म, कम्पनी, वा संस्थासँग भएको सम्झौतामा उल्लिखित सीमाभन्दा बढी वित्तीय वा गैर-वित्तीय सेवा सुविधा प्रदान गर्न पाइने छैन,

(छ) राष्ट्र बैंकको स्वीकृति नलिई र तोकिएको समयावधिमा नवीकरण नगरी विप्रेषणको कारोबार गर्न पाइने छैन ।

११. <u>इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीको लागि विशेष व्यवस्थाः</u> (१) विनियम ६ को उपविनियम (१) को खण्ड (क) बमोजिमको पूँजी पुऱ्याएका इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीले राष्ट्र बैंकको इजाजत/अनुमति लिई देहायबमोजिमका कार्य समेत गर्न सक्नेछन् :-

(क) सहायक कम्पनी मार्फत् भुक्तानी सेवा प्रदायक वा भुक्तानी प्रणाली सञ्चालक सम्बन्धी कार्य,

(ख) रेमिटान्स कार्ड जारी गरी विप्रेषण कारोबार,

(ग) राष्ट्र बैंकले तोके बमोजिमका अन्य कार्यहरू ।

(२) उपविनियम (१) बमोजिमका कार्यहरू विप्रेषण कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले समेत गर्न सक्नेछन् ।

१२. <u>विदेशी संस्थासँग गरेको सम्झौताको स्वीकृति</u> : (१) विप्रेषण कम्पनीले विदेशी फर्म, कम्पनी वा संस्थासँग गरेको प्रत्येक सम्झौताको स्वीकृति, सम्झौता संशोधन/शर्त थप-घटको स्वीकृति तथा सम्झौता नवीकरणको स्वीकृति राष्ट्र बैंकबाट लिनु पर्नेछ । त्यस्तो सम्झौतामा समावेश हुनु पर्ने न्यूनतम विषय **अनुसूची-११** मा तोकिए बमोजिम हुनेछ । साथै, त्यस्तो स्वीकृतिका लागि राष्ट्र बैंकलाई कुनै पनि दस्तुर तथा शुल्क बुझाउनु पर्ने छैन ।

(२) उपविनियम (१) बमोजिमको स्वीकृतिका लागि देहाय बमोजिमका कागजातहरू संलग्न गरी **अनुसूची-१२** बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।

(क) विप्रेषणको कारोबार गर्ने विप्रेषण कम्पनीले विदेशी फर्म, कम्पनी वा संस्थासँग विप्रेषण कार्यको लागि गरेको सम्झौतापत्र, सोको नवीकरण तथा थप सम्झौतापत्रको नोटरीबाट प्रमाणित प्रतिलिपि,

(ख) विदेशी फर्म, कम्पनी वा संस्थाले आउटवार्ड रेमिटान्सको कारोबार गर्न पाउने सम्बन्धमा सम्बन्धित देशको सरकार वा नियामक निकायबाट जारी गरेको प्रमाण-पत्रको नोटरीबाट प्रमाणित प्रतिलिपि वा आउटवार्ड रेमिटान्सको कारोबार गर्न पाउने विषय प्रमाणित हुने कागजातको नोटरीबाट प्रमाणित प्रतिलिपि,

(ग) विदेशी फर्म, कम्पनी, वा संस्थाको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने नीति सम्बन्धी नोटरीबाट प्रमाणित प्रतिलिपि ।

(३) उपविनियम (२) बमोजिम रीतपूर्वक पेश भएको निवेदनमा विभागले **अनुसूची-१३** बमोजिम स्वीकृति प्रदान गर्नेछ ।

(४) विदेशी फर्म, कम्पनी वा संस्थासँग सम्बन्धित भई विप्रेषणको कारोबार गर्ने विप्रेषण कम्पनीले उपविनियम (३) बमोजिम विभागको स्वीकृति लिए पश्चात् मात्र उक्त विदेशी संस्थासँग सम्बन्धित भई विप्रेषणको कारोबार गर्नु पर्नेछ ।

(५) यस विनियममा जुनसुकै कुरा लेखिएता पनि इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूको विदेशस्थित आफ्नै शाखा/प्रतिनिधि कार्यालयमार्फत् विप्रेषण भित्र्याउन सम्झौता अनिवार्य हुने छैन ।

## परिच्छेद-५
## <u>इजाजतपत्रको नवीकरण, निलम्बन तथा खारेजी सम्बन्धी व्यवस्था</u>

१३. <u>इजाजतपत्रको नवीकरण, निलम्बन तथा खारेजी</u> : (१) विप्रेषण कम्पनीलाई प्रदान गरिएको इजाजतपत्रको म्याद समाप्त हुनु अगावै सम्बन्धित विप्रेषण कम्पनीले अनिवार्य रुपमा नवीकरण सम्बन्धी प्रक्रिया शुरु गर्नु पर्नेछ । इजाजतपत्रको म्याद समाप्त हुनुभन्दा ९० दिन अगाडिदेखि सोको नवीकरणको लागि विभागमा निवेदन पेश गर्न सकिने छ । नवीकरण गर्दा बैंक तथा वित्तीय संस्था बाहेकका विप्रेषण कम्पनीले विनियम ७ को उपविनियम (२) बमोजिम र बैंक तथा वित्तीय संस्थाले विनियम ८ को उपविनियम (३) बमोजिमको नवीकरण शुल्क राष्ट्र बैंकमा बुझाउनु पर्नेछ । **परिच्छेद-२** बमोजिमका विप्रेषण कम्पनीहरूको नवीकरणको हकमा विनियम ४ को उप-विनियम (३) बमोजिमका योग्यता नवीकरणको समयमा समेत लागू हुनेछ ।

(२) इजाजतपत्रको म्याद समाप्त भएपछि म्याद समाप्त भएको मितिले ३० दिनभित्र नवीकरणको लागि निवेदन दिएमा नवीकरण शुल्क र नवीकरण शुल्कको शतप्रतिशत रकमले हुन आउने रकम बराबरको विलम्ब शुल्क लिई विभागले इजाजतपत्र नवीकरण गर्न सक्नेछ ।

(३) उपविनियम (१) र (२) बमोजिम इजाजतपत्र नवीकरणका लागि बैंक तथा वित्तीय संस्था बाहेकका विप्रेषण कम्पनीले **अनुसूची-१४** बमोजिमको ढाँचामा **अनुसूची-१५** बमोजिमका कागजातहरू सहित विभागमा निवेदन पेश गर्नु पर्नेछ ।

(४) उपविनियम (१) र (२) बमोजिम इजाजतपत्र नवीकरणका लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले **अनुसूची-१६** बमोजिमको ढाँचामा **अनुसूची-१७** बमोजिमका कागजातहरू सहित विभागमा निवेदन पेश गर्नु पर्नेछ ।

(५) विप्रेषण कारोबार गर्ने इजाजतपत्रको म्याद समाप्त भएको मितिले उपविनियम (१) र (२) बमोजिमको समयावधि भित्र इजाजतपत्रको नवीकरण नगराएमा इजाजतपत्र स्वतः खारेज हुनेछ । यसरी इजाजतपत्र खारेज हुँदा विनियम ७ को उपविनियम (३) बमोजिमको धरौटी रकम जफत गरिनेछ । उक्त जफत गरिएको धरौटी रकमबाट देहाय बमोजिमको रकम कट्टी गरी सम्बन्धित विप्रेषण कम्पनीलाई फिर्ता गरिनेछ :-

(क) बैंक तथा वित्तीय संस्था बाहेकका विप्रेषण कम्पनीको हकमा विनियम ७ को उपविनियम (२) मा उल्लिखित रकम हर्जाना बापत,

(ख) विप्रेषण इजाजतपत्र खारेज गर्दा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशनलगायत अन्य आवश्यक खर्च,

(ग) विप्रेषण कम्पनीले गरेको विप्रेषण कारोबार सम्बन्धी कुनै वित्तीय दायित्व भए सो बापतको रकम,

(घ) प्रचलित कानून बमोजिम दायित्व भुक्तानी गर्नु पर्ने भए सोका लागि आवश्यक पर्ने रकम समेत ।

(६) उपविनियम (५) बमोजिम रकम कट्टी गर्दा विप्रेषण कम्पनीको धरौटीको रकमले नखामेको हकमा प्रचलित कानून बमोजिम असुल उपर हुनेछ ।

(७) उपविनियम (५) बमोजिम गर्दा बैंक तथा वित्तीय संस्थाको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको राष्ट्र बैंकमा रहेको खाताबाट असुल उपर गरिनेछ । उपविनियम (५) को बुँदा (क) बमोजिमको हर्जाना बापतको रकम कट्टी गर्ने प्रयोजनको लागि बैंक तथा वित्तीय संस्थाको हकमा विनियम ८ को उपविनियम (३) मा उल्लिखित रकम हुनेछ ।

(८) विप्रेषण कारोबारको इजाजतपत्र खारेज गर्नुपूर्व राष्ट्र बैंकले राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतीस दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ र सोको खर्च सम्बन्धित विप्रेषण कम्पनीले नै व्यहोर्नु पर्नेछ । विप्रेषण कम्पनीले कसैलाई तिर्नु बुझाउनु पर्ने दायित्वको रकम आफैंले व्यहोर्नु पर्नेछ । विप्रेषण कम्पनीको इजाजतपत्र खारेज गर्दा राष्ट्र बैंकले विनियम ७ को उपविनियम (३) बमोजिमको सम्बन्धित विप्रेषण कम्पनीको धरौटी समेत राफसाफ गरी फुकुवा गर्नेछ ।

(९) उपविनियम (१) मा विप्रेषण कम्पनीको नवीकरण शुल्कको सम्बन्धमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपालभित्र विप्रेषण रकम भित्र्याएको लगायतको आधारमा विप्रेषण कम्पनीलाई प्रोत्साहन स्वरुप नवीकरण शुल्कमा राष्ट्र बैंकले तोकिदिए बमोजिम छुट प्रदान गर्न सक्नेछ ।

(१०) यस विनियमावली लागू हुनु पूर्व इजाजतपत्र लिएका विप्रेषण कम्पनीको नवीकरण गर्ने सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएको छ :-

(क) नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ बमोजिम इजाजतपत्र लिएका विप्रेषण कम्पनीहरूले इजाजतपत्रको म्याद समाप्त भएको मितिले ३० दिन (३० औं दिन सार्वजनिक बिदा परेको खण्डमा सो लगत्तै कार्यालय खुलेको दिन) भित्र इजाजतपत्र नवीकरणको लागि निवदेन पेश गरेमा विनियम ७ को उपविनियम (२) र विनियम ८ को उपविनियम (३) बमोजिमको नवीकरण शुल्क लिई नवीकरण गरिनेछ । सोमा जरिवाना/विलम्ब शुल्क लाग्ने छैन ।

(ख) नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ बमोजिम इजाजतपत्र लिएका विप्रेषण कम्पनीहरूले इजाजतपत्रको म्याद समाप्त भएको मितिले ६० दिन (६० औं दिन सार्वजनिक बिदा परेको खण्डमा सो लगत्तै कार्यालय खुलेको दिन) भित्र इजाजतपत्र नवीकरणको लागि निवदेन पेश गरेमा नवीकरण शुल्कको शत प्रतिशतले हुन आउने रकम विलम्ब शुल्क तथा विनियम ७ को उपविनियम (२) र विनियम ८ को उपविनियम (३) बमोजिमको नवीकरण शुल्क लिई नवीकरण गरिने छ ।

(ग) नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ बमोजिम इजाजतपत्र लिएका विप्रेषण कम्पनीहरूले इजाजतपत्रको म्याद समाप्त भएको मितिले १८० दिन (१८० औं दिन सार्वजनिक बिदा परेको खण्डमा सो लगत्तै कार्यालय खुलेको दिन) भित्र इजाजतपत्र नवीकरणको लागि निवदेन पेश गरेमा नवीकरण शुल्कको शत प्रतिशतले हुन आउने रकम नवीकरणको म्याद गुज्रिएको प्रत्येक महिना (प्रत्येक ३० दिन) का लागि विलम्ब शुल्क तथा विनियम ७ को उपविनियम (२) र विनियम ८ को उपविनियम (३) बमोजिमको नवीकरण शुल्क लिई नवीकरण गरिने छ ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम विप्रेषण कम्पनीको नवीकरण गर्दा पछिल्लो इजाजतपत्रको म्यादबाट गणना हुने गरी इजाजतपत्रको नयाँ म्याद कायम गरिनेछ ।

(ङ) इजाजतपत्रको म्याद गुज्रिएको मितिले १८० दिन भित्र नवीकरणका लागि निवेदन पेश नगर्ने विप्रेषण कम्पनीको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) को व्यवस्था यो विनियमावली लागू भएको मितिबाट एक वर्षसम्म कायम रहने छ ।

(छ) यस विनियमावली लागू हुनु पूर्व इजाजतपत्रको नवीकरणका लागि निवेदन पेश गरेका विप्रेषण कम्पनीहरूको नवीकरण नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ बमोजिम र यस विनियमावली लागू भए पश्चात् इजाजतपत्रको नवीकरणका लागि निवेदन पेश गर्ने विप्रेषण कम्पनीहरूको नवीकरण यसै विनियमावलीबमोजिम हुनेछ ।

(११) देहायका अवस्थाहरूमा विप्रेषण कम्पनीको इजाजतपत्र स्वतः खारेज हुनेछ, उपविनियम (५) बमोजिमको धरौटी रकम जफत हुनेछ र उपविनियम (६) तथा (७) बमोजिमको रकम असुल उपर गरिनेछ :-

(क) इजाजतपत्र प्राप्त गरेको मितिले एक वर्षसम्म विप्रेषण कारोबार नगरेमा, वा

(ख) विनियम ६ बमोजिम पूँजी नपुऱ्याएमा, वा

(ग) कुनै आर्थिक वर्षमा विप्रेषण कारोबार नगरेमा । तर, इजाजतपत्र प्राप्त गरेको आर्थिक वर्षको हकमा यो व्यवस्था लागू हुने छैन ।

(१२) इजाजतपत्र खारेज भएको विप्रेषण कम्पनी, संलग्न शेयरधनी वा पदाधिकारीलाई इजाजतपत्र खारेज भएको तीन वर्षसम्म नयाँ इजाजतपत्र प्रदान गर्ने सम्बन्धी कारबाही अगाडि बढाइने छैन । तर, विनियम ३१ बमोजिम कारोबार बन्द गर्ने विप्रेषण कम्पनीको हकमा यो व्यवस्था लागू हुने छैन ।

## परिच्छेद-६
## कसूर, दण्ड सजाय र कारबाही सम्बन्धी व्यवस्था

१४. नियमन उल्लङ्घन गरेको मानिने : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा उल्लिखित ऐनहरू अन्तर्गत बनेका नियम, विनियम एवम् प्रचलित कानूनका सम्बन्धित व्यवस्थाहरू तथा सो अन्तर्गत राष्ट्र बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना, राष्ट्र बैंकले तोके बमोजिम विवरण पेश नगरेमा र इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरूको पालना नगरेमा यस विनियमावली बमोजिम समेत नियमन उल्लङ्घन गरेको मानिनेछ ।

१५. कारबाही सम्बन्धमा : (१) विनियम १४ बमोजिम नियमन उल्लङ्घन गर्ने विप्रेषण कम्पनीको कैफियतको प्रकृति हेरी राष्ट्र बैंकले कारबाही गर्नुपर्ने भए राष्ट्र बैंकले कारबाही गर्नेछ । कैफियतको प्रकृतिअनुसार नेपाल सरकारको सम्बन्धित निकायको क्षेत्राधिकारभित्र पर्ने भए तत्तत् निकायलाई आवश्यक छानबिन तथा कारबाहीका लागि राष्ट्र बैंकले लेखी पठाउनेछ ।

(२) विनियम ९ को खण्ड (घ) बमोजिम शोधभर्ना नलिने विप्रेषण कम्पनीलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम कारबाही हुनेछ ।

(३) सम्पत्ति शुद्धीकरण सम्बन्धी कुनै प्रकारको कारोबार भएको पाइएमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम कारबाही हुनेछ ।

(४) विप्रेषण सम्बन्धी कारोबारको सिलसिलामा कुनै किसिमको अनियमितता भएको प्रमाणित भएमा कानूनबमोजिम थप कारबाही अघि बढाइने छ ।

(५) ऐन तथा सो अन्तर्गत बनेका नियम वा विनियम वा राष्ट्र बैंकद्वारा जारी गरिएका परिपत्र वा दिइएका निर्देशन विपरित कामकाज भएको पाइएमा जुनसुकै बखत राष्ट्र बैंकबाट प्रदान भएको विप्रेषणको कारोबार गर्ने इजाजतपत्र निलम्बन वा खारेज गरी प्रचलित कानून बमोजिम कारबाही समेत हुन सक्नेछ ।

१६. नियमन उल्लङ्घन गरेमा विप्रेषण कम्पनीलाई हुने सजाय तथा जरिवाना : (१) विनियम १४ बमोजिमको नियमन उल्लङ्घन गरेमा विप्रेषण कम्पनीलाई राष्ट्र बैंकले देहायबमोजिमको एक वा एकभन्दा बढी सजाय तथा जरिवाना गर्न सक्नेछ ।

(क) सचेत गराउने,
(ख) लिखित चेतावनी दिने,
(ग) नियमन उल्लङ्घनको प्रकृति हेरी विप्रेषण कारोबारमा एक महिना देखि एक वर्षसम्मको प्रतिबन्ध लगाउने,
(घ) राष्ट्र बैंकमा रहेको धरौटी जफत गर्ने,
(ङ) नियमन उल्लङ्घनको प्रकृति हेरी एक लाख देखि दश लाख रुपैयाँसम्म नगद जरिवाना गर्ने,
(च) इजाजतपत्र निलम्बन गर्ने, निलम्बन गरी खारेज गर्ने, वा सोझै खारेज गर्ने ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानूनी व्यवस्थाको पालना नगर्ने विप्रेषण कम्पनीलाई तत्तत् कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन ।

(३) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) अन्तर्गतको कसूरको हकमा राष्ट्र बैंकले जारी गरेको परिपत्र बमोजिम समेत कारबाही गर्न बाधा पर्ने छैन ।

१७. नियमन उल्लङ्घन गरेमा पदाधिकारी तथा कर्मचारीलाई हुने सजाय तथा जरिवाना : (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,

२०६४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा उल्लिखित ऐनहरू अन्तर्गत बनेको नियम वा विनियम एवम् प्रलचित कानूनका सम्बन्धित व्यवस्थाहरू तथा सो अन्तर्गत राष्ट्र बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, तथा सूचना विप्रेषण कम्पनीका पदाधिकारी तथा कर्मचारीले उल्लङ्घन गरेमा वा निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा राष्ट्र बैंक वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण वा तथ्याङ्क तोकिएको समयभित्र पेश नगरेमा यस विनियमावली बमोजिम समेत नियमन उल्लङ्घन गरेको मानिनेछ ।

(२) उपविनियम (१) बमोजिमको कसूर गर्ने पदाधिकारीलाई राष्ट्र बैंकले देहायबमोजिमको एक वा एकभन्दा बढी सजाय तथा जरिवाना गर्न सक्नेछ :-
   (क) सचेत गराउने वा लिखित चेतावनी दिने,
   (ख) नसिहत दिने,
   (ग) नियमन उल्लङ्घनको प्रकृति हेरी पचास हजारदेखि पाँच लाख रुपैयाँसम्म नगद जरिवाना गर्ने,
   (घ) निलम्बनमा राख्ने ।

(३) उपविनियम (१) बमोजिमको कसूर गर्ने कर्मचारीलाई विभागीय कारबाहीको लागि राष्ट्र बैंकले सम्बन्धित विप्रेषण कम्पनीलाई लेखी पठाउन सक्नेछ ।

(४) उपविनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानूनी व्यवस्थाको पालना नगर्ने विप्रेषण कम्पनीका पदाधिकारी तथा कर्मचारीलाई तत्तत् कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन ।

(५) उपविनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) अन्तर्गतको कसूरको हकमा राष्ट्र बैंकले जारी गरेको परिपत्र बमोजिम समेत कारबाही गर्न बाधा पर्ने छैन ।

१८. कारबाहीको कार्यविधि : (१) इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीउपर हुने कारबाहीको कार्यविधि **परिच्छेद-२** बमोजिमका विप्रेषण कम्पनीको हकमा नेपाल राष्ट्र बैंक विप्रेषण कारोबार निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७९ बमोजिम र **परिच्छेद-३** बमोजिमका विप्रेषण कम्पनीको हकमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ बमोजिम हुनेछ ।

## परिच्छेद-७
## गाभ्ने-गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी व्यवस्था

१९. गाभ्ने-गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी व्यवस्था: (१) **परिच्छेद-२** बमोजिमका इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरू गाभ्ने/गाभिने तथा प्राप्तिमा सहभागी हुन सक्नेछन् ।

२०. योग्यता सम्बन्धी व्यवस्था: (१) इजाजत्रपत्रप्राप्त विप्रेषण कम्पनीहरू एक आपसमा गाभ्न गाभिन वा प्राप्ति गर्न योग्य हुने छन् । तर, संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन सम्बन्धमा दिइएका निर्देशनहरूको पालना नभएको कारण पर्न सक्ने असर तथा गाभ्दा-गाभिंदा वा प्राप्ति (एक्विजिशन) पश्चात् कायम रहने सञ्चित नाफा/नोक्सानीको अवस्था समेतलाई मध्यनजर गरी विभागले कुनै पनि इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीलाई गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि अयोग्य मान्न सक्नेछ ।

२१. इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीको सञ्चालक समितिले अख्तियारी लिने तथा संयुक्त मर्जर वा प्राप्ति समिति गठन गर्नुपर्ने : (१) योग्य इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले प्रचलित व्यवस्था बमोजिम तोकिएका प्रक्रिया पूरा गरी अर्को इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीसँग गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) गर्न चाहेमा सो कार्य अगाडि बढाउन पछिल्लो दुई आर्थिक वर्षभित्र सम्पन्न साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सञ्चालक समितिले अख्तियारी प्राप्त गर्नु पर्नेछ ।

तर, विशेष परिस्थिति सृजना भएको अवस्थामा विप्रेषण कम्पनीको आगामी साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिले गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) को प्रक्रियालाई अगाडि बढाउन सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम अख्तियारी प्राप्त सञ्चालक समितिले उपयुक्त विप्रेषण कम्पनी पहिचान तथा छनौट गरी गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) कार्य अगाडि बढाउन सो विप्रेषण कम्पनीसँग प्रारम्भिक समझदारी गर्नु पर्नेछ ।

(३) गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न विप्रेषण कम्पनीहरूले एक संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समिति गठन गर्नु पर्नेछ ।

२२. <u>प्रारम्भिक निवेदन तथा छलफलः</u> (१) प्रारम्भिक समझदारी गरेका इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूबाट अख्तियार प्राप्त अधिकारीहरूले संयुक्त रुपमा गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि विभागसमक्ष निवेदन दिनु पर्नेछ । सो निवेदनकासाथ सम्बन्धित दुई वा सो भन्दा बढी विप्रेषण कम्पनीले आ-आफ्नो साधारण सभाको विशेष प्रस्ताव बमोजिम आ-आफ्नो सञ्चालक समितिबाट निर्णय गरी सैद्धान्तिक सहमतिका लागि देहायका विषय खुलाई विभागमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछ :

१) विप्रेषण कम्पनी गाभ्ने-गाभिने वा प्राप्तिको आवश्यकता तथा औचित्य, सोबाट विप्रेषण व्यवसायमा पर्ने असरको सामान्य प्रक्षेपण,
२) गाभ्ने-गाभिने वा मूल विप्रेषण कम्पनी तथा लक्षित विप्रेषण कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,
३) गाभ्ने-गाभिने वा मूल विप्रेषण कम्पनी तथा लक्षित विप्रेषण कम्पनीका कर्मचारीको व्यवस्थापनको विवरण,
४) प्रचलित कम्पनी तथा अन्य विषय सम्बन्धी कानून बमोजिमको स्वीकृति प्रक्रिया,
५) विप्रेषण कम्पनीहरूले गाभ्ने-गाभिने वा प्राप्ति सम्बन्धमा गरेको प्रारम्भिक सम्झौतापत्र,
६) विभागले तोके बमोजिमका अन्य विषय ।
७) गाभ्ने-गाभिने विप्रेषण कम्पनीले कर्जा लिएका साहुहरूको (गाभ्न-गाभिनको लागि प्रदान गरिएको सहमति पत्र) हित सुरक्षार्थ गरिएको व्यवस्था,
८) गाभिने विप्रेषण कम्पनीको चल अचल सम्पत्ति र दायित्वको भुक्तानी अवधि सहितको यथार्थ विवरण,

२३. <u>सैद्धान्तिक सहमतिः</u> (१) निवेदन प्राप्त भएपछि विभागले प्रचलित कानून तथा यस विनियमावली बमोजिमको प्रक्रिया पुरा गर्ने शर्त र विप्रेषण कम्पनी गाभ्दा-गाभिँदा वा प्राप्ति (एक्विजिशन) गर्दा मुलुकको विप्रेषण कारोबार सम्बन्धी प्रणालीको विकास, स्वच्छ प्रतिस्पर्धा तथा कानूनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर पर्ने छैन भन्ने कुरामा राष्ट्र बैंक विश्वस्त भएमा गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) को प्रक्रिया अगाडि बढाउन शर्तहरू सहित सैद्धान्तिक सहमति प्रदान गर्न सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका विप्रेषण कम्पनीहरूले गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियालाई मनासिब कारण सहित विभागको स्वीकृति नलिई आफूखुशी भंग गरी त्यस्तो प्रक्रियाबाट अलग भएको निर्णय गर्न सक्ने छैनन् ।

(३) उप-विनियम (१) बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका विप्रेषण कम्पनीहरूबाट गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियाबाट अलग हुन मनासिब माफिकको कारण खुलाई सञ्चालक समितिको निर्णय तथा संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिको सहमति सहित निवेदन पेश हुन आएमा विभागले सैद्धान्तिक सहमति रद्द गरिदिन सक्नेछ ।
तर, सो विप्रेषण कम्पनीहरूमध्ये केही विप्रेषण कम्पनीहरू एक आपसमा गाभ्न-गाभिन वा प्राप्ति ( एक्विजिशन) का लागि सहमत भएको अवस्थामा विभागले औचित्य हेरी ती विप्रेषण कम्पनीहरूको लागि मात्र सैद्धान्तिक सहमति कायम राख्न सक्नेछ ।

२४. <u>सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन</u>: (१) यस विनियमावली बमोजिम गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्राप्त गरेपछि मूल्याङ्कनकर्ताबाट गाभ्ने-गाभिने वा लक्षित विप्रेषण कम्पनीहरूको सम्पत्ति, दायित्व तथा कारोबारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ । विभागले आवश्यक देखेमा थप अवधिको मूल्याङ्कनका लागि समेत निर्देशन दिन सक्नेछ ।
तर, विप्रेषण कम्पनीहरूले सैद्धान्तिक सहमतिका लागि विभागमा निवेदन दिनु पूर्व सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन गराउन बाधा पर्ने छैन ।

(२) विप्रेषण कम्पनी गाभ्ने-गाभिने सैद्धान्तिक सहमति प्राप्त गरेपछि त्यस्ता विप्रेषण कम्पनीहरूले आ-आफ्नो सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न लेखापरीक्षकलाई आपसी सहमतिमा मूल्याङ्कनकर्ता नियुक्ति गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ ।
तर, विप्रेषण कम्पनीले विभागमा निवेदन दिनु पूर्व नै त्यस्तो मूल्याङ्कन गर्न सक्नेछन् ।

(३) विप्रेषण कम्पनी प्राप्ति गर्न सैद्धान्तिक सहमति प्राप्त गरेपछि लक्षित विप्रेषण कम्पनीले आफ्नो सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो मूल्याङ्कन गर्न आफ्नो साधारण सभाबाट नियुक्त गरिएको वा साधारण सभाको अख्तियारी बमोजिम सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षकबाट सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ ।

(४) प्राप्त गर्ने विप्रेषण कम्पनीले लक्षित विप्रेषण कम्पनीको सम्पत्ति तथा दायित्वको विस्तृत मूल्याङ्कन गराउन सक्नेछ ।

(५) नियुक्ति भएको मूल्याङ्कनकर्ताको काम कारबाही विश्वसनीय नलागेमा विभागले निजलाई हटाई अर्को मूल्याङ्कनकर्ताको नियुक्ति गर्न सम्बन्धित विप्रेषण कम्पनीलाई निर्देशन दिन सक्नेछ ।

(६) मूल्याङ्कनकर्ताले सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन कार्य सम्पन्न गरी स्वीकार्य ढाँचामा मूल्याङ्कन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

२५. <u>शेयर स्वाप अनुपात कायम गर्ने</u>: (१) सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेपछि संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिले शेयर स्वाप अनुपात कायम गर्नु पर्नेछ ।

२६. <u>अन्तिम सम्झौता</u>: (१) यस विनियमावली बमोजिम गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्राप्त गरेका इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन प्राप्त गरे पश्चात् देहायका कुराहरू खुल्ने गरी एक आपसमा अन्तिम सम्झौता सम्पन्न गर्नु पर्नेछः-

१) गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न विप्रेषण कम्पनीहरूको नाम, ठेगाना, गाभिएर वा प्राप्ति (एक्विजिशन) पछि रहने नाम तथा ठेगाना,
२) गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) को आवश्यकता र औचित्य,
३) गाभ्ने -गाभिने वा प्राप्ति (एक्विजिशन) ले विप्रेषण कारोबार व्यवसायको क्षेत्र र प्रणालीमा पार्ने असर,
४) कारोबारको व्यवस्थापन, अन्तर विप्रेषण कम्पनी स्वामित्व तथा अन्तर विप्रेषण कम्पनी लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण, सम्पत्ति र दायित्वको उचित व्यवस्थापन,
५) शेयरधनी र ऋणदाताहरूको हक हित संरक्षण गर्ने व्यवस्था,
६) इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीको वित्तीय अवस्था र कारोबारको व्यवस्थापन,
७) इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति, सम्पत्ति/दायित्वको हिसाब मिलान गरी लेनदेनका लागि स्वीकार भएको मूल्य,
८) गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) गर्न लाग्ने अनुमानित समयावधि,
९) गाभ्ने वा प्राप्त गर्ने विप्रेषण कम्पनी (एक्वायरर) को प्रबन्धपत्र तथा नियमावलीमा गर्ने संशोधन, नयाँ इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीका रुपमा परिणत हुने भए सो विप्रेषण कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको व्यवस्था,
१०) गाभिएपछि वा प्राप्ति (एक्विजिशन) पछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन, स्वामित्व संरचना तथा गाभिएर वा प्राप्ति (एक्विजिशन) पछि कायम रहने विप्रेषण कम्पनीमा तत्काल गठन हुने सञ्चालक समितिको विवरण, सञ्चालन तथा व्यवस्थापन संरचना,

११) गाभिएर वा प्राप्ति (एक्विजिशन) पछि कायम रहने विप्रेषण कम्पनीमा आवश्यक कर्मचारी मात्र रहने गरी तयार गरिएको कर्मचारी कटौती योजना, जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

१२) गाभ्ने -गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न विप्रेषण कम्पनीहरूको प्रति शेयर बजार मूल्य, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन अनुसारको प्रति शेयर नेटवर्थ, मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएको शेयर स्वाप अनुपात र आपसी सहमतिमा तय गरिएको शेयर स्वाप अनुपात तथा सोका आधारहरू,

१३) विप्रेषण कम्पनीको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धता,

१४) प्रचलित कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

१५) संस्थागत पुनर्संरचना, एक आपसमा सञ्जाल तथा कार्यालयहरूको मिलान तथा सञ्चालन व्यवस्था,

१६) गाभिएपछि वा प्राप्ति (एक्विजिशन) पछि एकीकृत कारोवार शुरु गर्ने मिति सहितको प्रस्तावित कार्ययोजना,

१७) गाभ्ने -गाभिने वा प्राप्ति (एक्विजिशन) कार्यको अनुमानित लागत रकम,

१८) अन्य प्रचलित कानून र सोको पालना भएको घोषणा,

१९) उल्लेख्य स्वामित्व भएका शेयरधनी तथा अन्य शेयरधनीहरूको विवरण,

२०) सरोकारवालाको गुनासो व्यवस्थापन पद्धति,

२१) विभागले तोकेका अन्य आवश्यक विषयहरू ।

२७. अन्तिम स्वीकृतिः (१) गाभ्ने-गाभिने वा प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति पाएका विप्रेषण कम्पनीले आ-आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी गाभ्ने-गाभिने वा प्राप्ति गर्ने कार्यको अन्तिम स्वीकृतिको लागि सम्झौता सहित संयुक्त रुपमा विभागसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उप-विनियम (१) बमोजिमको निवेदन परेमा विभागले उक्त निवेदन, सोसँग संलग्न कागजात तथा विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र र निर्णयकै सिलसिलामा विभागले कुनै विवरण वा कागजात मागेको अवस्थामा थप पन्ध्र दिनभित्र इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूलाई एक आपसमा गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित विप्रेषण कम्पनीहरूलाई दिनेछ । त्यस्तो निर्णय लिंदा विभागले इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीसँग गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धमा परेको निवेदन उपरको छलफल, सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन, तोकिएका आवश्यक शर्तहरू पालनाको स्थिति, आपसी सम्झौता विवरण, तथा सोबाट पर्ने प्रभावको विस्तृत अध्ययन गर्दा नेपालको विप्रेषण कारोबार संरचना, बजारलाई नकारात्मक असर नपर्ने देखिएमा गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) को अन्तिम स्वीकृति दिन सक्नेछ । यसरी स्वीकृति दिंदा आवश्यक देखिएको बिषयहरूमा संशोधन गर्न लगाउन वा शर्तहरू तोक्न सक्नेछ ।

(३) दुई वा सोभन्दा बढी इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरू गाभ्दा-गाभिंदा वा एक विप्रेषण कम्पनीले अर्को विप्रेषण कम्पनीलाई प्राप्ति (एक्विजिशन) गर्दा सोबाट विप्रेषण कारोबार क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै विप्रेषण कम्पनीको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुन सक्ने सम्भावना देखिएमा वा प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृति वा सहमति लिनु पर्नेमा सो प्राप्त गर्न नसकेमा विभागले सोको कारण खोली त्यस्ता विप्रेषण कम्पनीलाई गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) को लागि दिएको सैद्धान्तिक सहमति खारेज समेत गर्न सक्नेछ ।

(४) यस विनियमावली बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी वा सोको अख्तियारवाला व्यक्तिले तोकेको वा थप म्याद प्रदान गरेको समयावधिभित्र उपलब्ध नगराएमा गाभ्न-गाभिन वा प्राप्ति (एक्विजिशन) को लागि दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन ।

तर, पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) विभागले कुनै विप्रेषण कम्पनी गाभ्ने-गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धमा गरेको निर्णय तथा गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् कारोबार थालनी गर्ने मिति खुलेको व्यहोरा सर्वसाधारणको जानकारीका लागि निर्णय भएको तीस दिनभित्र राष्ट्रियस्तरको दैनिक पत्रिकामा बढीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना सम्बन्धित विप्रेषण कम्पनीले समेत सो सम्बन्धमा निर्णय प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र सर्वसाधारणको जानकारीका लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-८
## विविध

२८. सुरक्षा व्यवस्था : (१) विप्रेषण कम्पनीले आफ्नो कारोबारको लागि चाहिने सुरक्षा एवम् बीमा लगायतका सम्पूर्ण व्यवस्था आफैं मिलाउनु पर्नेछ ।

२९. कारोबारको स्थान परिवर्तन : (१) **परिच्छेद-२** बमोजिमका विप्रेषण कम्पनीले आफ्नो कारोबारको स्थान राष्ट्र बैंकको पूर्व स्वीकृति बिना परिवर्तन गर्न पाउने छैन । प्रस्तावित स्थानबाट कारोबार गर्दा उपयुक्त हुने कुरामा विभाग विश्वस्त भएमा सम्बन्धित विप्रेषण कम्पनीको अनुरोधमा विभागले रु. १० हजार शुल्क लिई स्थान परिवर्तन गर्ने स्वीकृति दिन सक्नेछ ।

३०. शेयर स्वामित्व परिवर्तन : (१) **परिच्छेद-२** बमोजिमका विप्रेषण कम्पनीले यस विनियमावलीमा तोकिएबमोजिम योग्यता पुगेका व्यक्तिलाई प्रचलित कानूनबमोजिम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीको शेयर स्वामित्वको अंश (शेयरधनी समेत) परिवर्तन गर्न राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनु पर्नेछ । साथै, **विनियम ३७** बमोजिमका विप्रेषण कारोबार गर्ने पब्लिक लिमिटेड कम्पनीका संस्थापक शेयर स्वामित्वको अंश (शेयरधनी समेत) परिवर्तनका लागि राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

३१. कारोबार बन्द गर्ने : (१) **परिच्छेद-२** बमोजिमका विप्रेषण कम्पनीले कुनै कारणवश आफ्नो कारोबार बन्द गर्न चाहेमा विभागबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) विभागले विप्रेषणको कारोबार बन्द गर्ने निर्णय गर्नु पूर्व उक्त विप्रेषण कम्पनीसँग कसैको लेनदेन तथा अन्य सरोकार भए जानकारीका लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतीस दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) विप्रेषण कम्पनीले विभागको स्वीकृतिमा आफ्नो काराबोर बन्द गर्दा विप्रेषण कारोबारको सम्बन्धमा विप्रेषण कम्पनीले कसैलाई तिर्नु बुझाउनु पर्ने रकम तथा सो सम्बन्धी सम्पूर्ण खर्च आफैले व्यहोर्नु पर्नेछ । विप्रेषण कम्पनीको कारोबार बन्द गर्दा राष्ट्र बैंकले सम्बन्धित विप्रेषण कम्पनीको विनियम ७ को उपविनियम (३) बमोजिमको धरौटी समेत राफसाफ गरी फुकुवा गर्नेछ ।

३२. अभिलेख राख्नु पर्ने : (१) विप्रेषण कम्पनीले विप्रेषण गरी ल्याएको विदेशी मुद्रा देशगत र **विनियम १२** बमोजिमका विदेशी संस्थागतरुपमा तथा भुक्तानी गरेको रकमको विस्तृत विवरणको अभिलेख **अनुसूची-१८** बमोजिमको ढाँचामा कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । त्यस्तो विवरण विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागले माग गरेको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

३३. विवरण पेश गर्नु पर्ने : (१) विप्रेषण कम्पनीले विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागले तोके बमोजिमको विवरण तोके बमोजिमको समयभित्र पेश गर्नुपर्नेछ ।

३४. विप्रेषण कारोबारमा लाग्ने सेवा शुल्क : (१) विप्रेषण कारोबार गर्दा सेवाग्राहीलाई लाग्ने विप्रेषण सेवा शुल्क सम्बन्धी विवरण सर्वसाधारणको जानकारीका लागि वेवसाइट/एप मार्फत् र राष्ट्र बैंकले तोकिदिएको अन्य माध्यमबाट प्रकाशन तथा अद्यावधिक गर्नुपर्नेछ ।

३५. सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभ सम्बन्धी : (१) सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभको कारोबार गर्न विभाग वा राष्ट्र बैंकबाट स्वीकृति /पूर्व स्वीकृति वा इजाजतपत्र लिनु पर्ने छैन । साथै, एउटा विप्रेषण कम्पनीले अर्को विप्रेषण कम्पनीको सब-एजेन्ट वा सब-रिप्रिजेन्टेटीभसँग छुट्टा-छुट्टै सम्झौता नगरी सम्बन्धित विप्रेषण कम्पनीसँगै सम्झौता गरी उक्त विप्रेषण कम्पनीका सब-एजेन्ट वा सब-रिप्रिजेन्टेटीभलाई आफ्नो

सब-एजेन्ट वा सब-रिप्रिजेन्टेटीभको रुपमा समेत प्रयोग गर्ने भए त्यस्ता सब-एजेन्ट वा सब-रिप्रिजेन्टेटीभको विवरण र सम्बन्धित विप्रेषण कम्पनीको विवरण राष्ट्र बैंकलाई लिखितरुपमा पूर्व जानकारी दिनु पर्नेछ । नियुक्त गरिएका सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभको अद्यावधिक विवरण विप्रेषण कम्पनीले सर्वसाधारणको जानकारीका लागि वेवसाइट/एप र राष्ट्र बैंकले तोकिदिएबमोजिम प्रकाशन गर्नुपर्नेछ ।

(२) सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभ कारोबार गर्ने फर्म, कम्पनी वा संस्थाले विदेशी विनिमयको कुनै पनि कारोबार गर्न पाइने छैन । प्राकृतिक व्यक्तिले सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभको कारोबार गर्न पाइने छैन ।

(३) सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभको कारोबार गर्ने फर्म, कम्पनी वा संस्थाले आफ्नो नाम राख्दा विप्रेषण/रेमिटान्स, मनि ट्रान्सफर कम्पनी/एम.टि.ओ., रेमिट, विप्रेषण/रेमिट कारोबार, मनि/मुद्रा/रकम ट्रान्सफर, मनि/मुद्रा/रकम चेञ्जर/सटही/स्थानान्तरण आदि जनाउने नाम राख्न पाइने छैन ।

(४) विप्रेषण कम्पनीले सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभ नियुक्त गर्दा प्रत्येक सब-एजेन्ट तथा सब-रिप्रिजेन्टेटीभसँग राष्ट्र बैंकले तोकेबमोजिम धरौटी लिन सक्नेछ ।

३६. विदेशमा शाखा/प्रतिनिधि कार्यालय/सहायक कम्पनी खोल्ने सम्बन्धी व्यवस्था : (१) **परिच्छेद-२** बमोजिमका इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले राष्ट्र बैंकको पूर्व स्वीकृतिमा विदेशमा शाखा/ प्रतिनिधि कार्यालय/ सहायक कम्पनी खोल्न सक्नेछन् ।

(२) उपविनियम (१) बमोजिम विदेशमा शाखा/प्रतिनिधि कार्यालय/सहायक कम्पनी खोल्ने सम्बन्धी योग्यता, प्रक्रिया, कागजात, शर्त एवम् स्वीकृतिका लागि आवश्यक पर्ने अन्य आवश्यक विषय राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ ।

३७. पब्लिक कम्पनीको रुपमा सर्वसाधारणलाई शेयर जारी गर्न सक्ने सम्बन्धी व्यवस्था : (१) **परिच्छेद-२** बमोजिमका इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले प्रचलित कानूनी व्यवस्थाहरूको अधीनमा रही पब्लिक लिमिटेड कम्पनीको रुपमा सर्वसाधारणलाई शेयर जारी गर्न सक्नेछन् ।

३८. विद्युतीय माध्यमबाट विप्रेषण भित्र्याउने सम्बन्धी व्यवस्था : (१) विप्रेषण कम्पनीले राष्ट्र बैंकले तोकिदिए बमोजिम विद्युतीय माध्यमबाट समेत विप्रेषण भित्र्याउन सक्नेछन् ।

३९. अख्तियारको प्रत्यायोजन : यो विनियमावली बमोजिम राष्ट्र बैंकबाट सम्पादन हुने कार्यहरूका लागि **अनुसूची-१९** बमोजिम अख्तियारको प्रत्यायोजन गरिएको छ ।

४०. बाधा अड्काउ फुकाउने : यस विनियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ गभर्नरले फुकाउन सक्नेछ ।

४१. अनुसूचीमा हेरफेर वा थपघट : गभर्नरले अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४२. खारेजी र बचाउ : नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ खारेज गरिएको छ । नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ बमोजिम भए गरेका काम कारबाही यसै विनियमावली बमोजिम भए गरेको मानिने छ ।

***

**अनुसूची-१**
**विनियम ४ को उपविनियम (२) सँग सम्बन्धित**
**सैद्धान्तिक सहमतिको लागि पेश गर्ने निवेदनको ढाँचा**
**(बैंक तथा वित्तीय संस्था बाहेकका हकमा)**

मिति : ................

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौं ।

महोदय,

बैकिङ्ग प्रणालीमार्फत विप्रेषण रकम नेपालमा भित्र्याई सरोकारवालालाई भुक्तानी उपलब्ध गराउने विप्रेषण (इनवार्ड रेमिट्यान्स) को कारोबार गर्नका लागि इच्छुक भएकोले देहायबमोजिमको विवरण तथा तोकिएका कागजातहरू सहित विप्रेषण कारोबारको सैद्धान्तिक सहमति प्राप्त गर्नको लागि यो निवेदन पेश गरेको छु/छौं ।

क) विप्रेषण कारोबार सञ्चालन गर्ने स्थान :
(विप्रेषण कारोबार सञ्चालन हुने स्थानको पूरा ठेगाना सहित नक्सा)

ख) निवेदक(हरू)को विवरण* :

(१) नाम :
(२) उमेर :
(३) बाबुको नाम :
(४) आमाको नामः
(५) बाजेको नाम :
(६) शैक्षिक योग्यता :
(७) व्यापार, उद्योग वा अन्य पेशामा संलग्न भए सोको विवरण :
(८) नागरिकता प्रमाणपत्र नम्बरः
(९) नागरिकता जारी भएको मितिः
(१०) नागरिकता जारी गर्ने निकाय र जिल्ला :
(११) स्थायी ठेगाना :
(१२) हालको ठेगानाः
(१३) मोबाइल नम्बर :
(१४) इमेल :
(१५) फोन नम्बर (भएमा):
(१६) फ्याक्स नम्बर (भएमा):
(१७) पोष्ट बक्स नम्बर (भएमा):
(१८) दस्तखत :

उपर्युक्त बमोजिमका विवरणहरू सत्य र ठीक छन्, झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु/छौं । साथै, उल्लिखित व्यहोराको अतिरिक्त अन्य व्यहोरा/विवरण आवश्यक भएमा तोकिएको अवधिभित्र तोकिए बमोजिम पेश गर्ने व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

*एक भन्दा बढी प्राकृतिक व्यक्ति संलग्न भई निवेदन पेश गरेको हकमा सम्पूर्ण व्यक्तिहरूले यो विवरण अलग-अलग पेश गर्नु पर्नेछ ।

**अनुसूची-२**
**विनियम ४ को उपविनियम (२) सँग सम्बन्धित**

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**
**(बैंक तथा वित्तीय संस्था बाहेकका हकमा)**

१) विनियमावलीको **अनुसूची-१** बमोजिमको निवेदन ।
२) प्रस्तावित विप्रेषण कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि ।
३) प्रस्तावित विप्रेषण कम्पनीको सम्भाव्यता अध्ययन प्रतिवेदन ।
४) निवेदकको व्यक्तिगत विवरण (Bio Data), नागरिकता प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो ।
५) प्रस्तावित विप्रेषण कम्पनी सम्बन्धमा निवेदकबीच कुनै सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि ।
६) शेयरधनीको लगानी तथा आयको श्रोत खुल्ने कागजात ।
७) निवेदक, शेयरधनी तथा पदाधिकारी कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (त्यस्तो प्रमाण सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको हुनु पर्ने) ।
८) विनियमावली बमोजिम विवरण बुझाउनु पर्ने व्यवस्थाको पालना तथा प्रचलित नियम, कानून तथा ऐनहरूद्वारा गरिएका अन्य व्यवस्था र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ का व्यवस्थाहरूको पूर्ण पालना गर्ने स्वःघोषणा ।
९) प्रस्तावित विप्रेषण कम्पनीको निवेदक, शेयरधनी तथा पदाधिकारी(हरू) १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक भएको, मानसिक सन्तुलन ठीक भएको, ऋण तिर्न नसकी साहूको दामासाहीमा नपरेको, बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको, प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने दायित्व भएमा त्यस्तो कर चुक्ता गरेको, नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको, भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको, कुनै सरकारी, सार्वजनिक वा बैंक वा वित्तीय संस्थाको सेवाको पदमा बहाल नरहेको, बैंक तथा वित्तीय संस्थासँगको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित नभएको र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा सजाय नपाएको व्यहोराको स्वःघोषणा ।
१०) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको प्रमाण (त्यस्तो प्रमाण सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको हुनु पर्ने) ।
११) विदेशी विनिमयको कारोबार गर्न अन्य थप कागजात आवश्यक पर्ने देखिएमा राष्ट्र बैंकले तोकिदिएको अन्य कागजातहरू ।

**अनुसूची-३**
**विनियम ५ (१) सँग सम्बन्धित**

**विप्रेषण कम्पनीलाई प्रदान गरिने सैद्धान्तिक सहमतिको ढाँचा**
**(बैंक तथा वित्तीय संस्था बाहेकका हकमा)**

श्री ....................
....................... ।

**विषय : सैद्धान्तिक सहमति पत्र ।**

महाशय,

तँहाले ............................... मा विप्रेषण कारोबार गर्ने इजाजतपत्र पाउँ भनी मिति ..................... मा दिनु भएको निवेदन उपर कारबाही हुँदा तहाँलाई विप्रेषण कारोबारको इजाजतपत्र प्रदान गर्ने क्रममा .....................(प्रस्तावित नाम) लाई नेपाल राष्ट्र बैंक ऐन, २०५८, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ तथा सो अन्तर्गत बनेका नियम, विनियम एवम् प्रचलित कानून तथा सो अन्तर्गत राष्ट्र बैंकले समय समयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना र इजाजतपत्र प्रदान गर्दा तोकिने शर्तहरूको अधीनमा रही विप्रेषण व्यवसायको कार्य गर्न सैद्धान्तिक सहमति प्रदान गरिएको छ ।

भवदीय,

(...............)

उप-निर्देशक

बोधार्थ :
नेपाल सरकार,
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,
कम्पनी रजिष्ट्रारको कार्यालय ।

**अनुसूची-४**
**विनियम ७ को उपविनियम (१) सँग सम्बन्धित**

**सैद्धान्तिक सहमति प्राप्त भए पश्चात् विप्रेषण इजाजतपत्रको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा**
**(बैंक तथा वित्तीय संस्था बाहेकको हकमा)**

मिति : ... ... ... ...

नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
केन्द्रीय कार्यालय, बालुवाटार ।

विषयः- विदेशी मुद्रा विप्रेषण कम्पनीको इजाजतपत्र पाउँ ।

महोदय,

यस कम्पनीले विदेशी मुद्राको विप्रेषण (Inward Remittance) सम्बन्धी कारोबार गर्नको लागि तहाँबाट मिति...........मा सैद्धान्तिक सहमित प्राप्त गरेको हुँदा विनियमावलीको **अनुसूची-५** बमोजिमका कागजातहरू संलग्न गरी निवेदन पेश गरेकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ अनुसार विदेशी मुद्राको विप्रेषण इजाजतपत्र प्रदान गरिदिनुहुन अनुरोध गर्दछु/छौं ।

१) कम्पनीको नाम (नेपालीमा) :
२) कम्पनीको नाम अंग्रेजीमा (BLOCK LETTER) :
३) कम्पनीको ठेगाना : प्रदेश ................... जिल्ला :.............
गा.पा. /न.पा. /उ.न.पा. /म.न.पा. .......................... वडा नं ....... टोल..........
४) कम्पनीको फोन नं. ...................... फ्याक्स नं....................................
५) कम्पनीको इमेल ठेगाना...................
६) कम्पनीको वेवसाइट...................
७) अख्तियार प्राप्त व्यक्तिको नामः.................. मोबाईल नं.......................
८) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति.................................दर्ता नं...................
९) PAN दर्ता मिति............................... दर्ता नं . .......................................
१०) इजाजतपत्र शुल्क बापत ना.नो.आ.हि. फुटकर खातामा रु. ..........जम्मा गरेको भौचर नं. ........ मिति .......
११) वर्गीकरण हुन चाहेको वर्ग: विनियम ६ को उपविनियम (१) को खण्ड (क) वा (ख) अन्तर्गतको वर्ग
१२) धरौटी नगदको रुपमा जम्मा भएको हकमा राष्ट्र बैंकको धरौटी खातामा रु. ..........जम्मा गरेको भौचर नं. ................. मिति .....................
१३) धरौटी रकम बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानतको रुपमा जारी भएको हकमा :-
(क) बैंक/वित्तीय संस्थाको नाम : .. ... ... ... ... ... ... ... ... ... ... ... ... ... .. ...
(ख) रकम रु. ... ... .. ... ... ... ... ..
(ग) अवधि.........मिति ... ... ... ... ... देखि ... ... ... ... ... सम्म
१४) घरभाडा सम्झौता अनुरुप घरधनीको नाम ..........................................................................
सम्झौता मिति ................................. सम्झौता बहाल रहने मिति .............................................
भाडामा लिएको स्थानको पूरा ठेगाना : ........................................................................
१५) विदेशी मुद्रा खाता खोल्ने बैंकको नाम र ठेगाना ...................................
१६) कम्पनीको छाप ................

निवेदक (अख्तियारप्राप्त
अधिकारी),

दस्तखत : .........................
नाम : .............................
पद : ..............................

## अनुसूची-५
## विनियम ७ को उपविनियम (१) सँग सम्बन्धित

### सैद्धान्तिक सहमति प्राप्त गरेपश्चात् विप्रेषण इजाजतपत्रको लागि निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू (बैंक तथा वित्तीय संस्था बाहेकको हकमा)

१. विनियमावलीको **अनुसूची-४** बमोजिमको ढाँचामा निवेदन ।
२. कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. इजाजतपत्र शुल्क बापतको रकम राष्ट्र बैंकमा दाखिला गरेको भौचरको सक्कल प्रति ।
४. कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि ।
५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि ।
६. कम्पनीले कारोबार गर्ने स्थानको लोकेसन म्याप ।
७. कम्पनीको नाममा रहेको बैंक खातामा कम्पनीका शेयरधनीहरूले शेयर बापतको रकम जम्मा गरेको बैंक स्टेटमेन्ट तथा रकम जम्मा गरेको भौचरको प्रतिलिपि ।
८. कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित शेयरधनी दर्ता किताबको प्रतिलिपि ।
९. राष्ट्र बैंकमा नगद धरौटी जम्मा गरेको भए सोको सक्कल भौचर वा बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानत भए सोको सक्कल प्रति ।
१०. विप्रेषण कारोबार सञ्चालन हुने स्थान भाडामा भए प्रचलित कानून अनुसार भएको घरभाडा सम्झौताको प्रमाणित प्रतिलिपि (घरधनीको तीन पुस्ते विवरण र नागरिकताको प्रमाणित प्रतिलिपि /संस्थाको हकमा कम्पनी दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ) ।
११. विप्रेषण कारोबार हुँदा प्रयोग गर्ने भौचरको नमूना १ प्रति ।
१२. विनियमावली बमोजिमको विवरण बुझाउनु पर्ने व्यवस्थाको पालना तथा प्रचलित नियम, कानून तथा ऐनहरूद्वारा गरिएका सम्बन्धित व्यवस्थाहरू र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ का सम्बन्धित व्यवस्थाहरूको पूर्ण पालना गर्ने स्वःघोषणा ।
१३. विप्रेषण कम्पनीका शेयरधनीहरू तथा पदाधिकारीहरूको विवरण ।
१४. विप्रेषण कारोबार गर्दा सेवाग्राहीलाई लाग्ने सेवा शुल्क सम्बन्धी विवरण ।
१५. कम्पनीको AML/CFT नीतिको प्रतिलिपि ।
१६. विदेशी विनिमयको कारोबार गर्न अन्य थप कागजात आवश्यक पर्ने देखिएमा राष्ट्र बैंकले तोकिदिएको अन्य कागजातहरू ।

(नोट : सैद्धान्तिक सहमति पत्र प्राप्त गर्न पेश भएका कागजातहरू पुनः पेश गर्नुपर्ने छैन ।)

## अनुसूची-६
## विनियम ७ को उपविनियम (२) र विनियम ८ को उपविनियम (३) सँग सम्बन्धित
## विप्रेषण कारोबारका शर्तहरू

विप्रेषण कारोबार गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले प्रचलित कानून तथा सो अन्तर्गत राष्ट्र बैंकले समयसमयमा जारी गरेका परिपत्र, आदेश, निर्देशन, सूचना लगायत देहायका शर्तहरूको अधीनमा रही विदेशी मुद्रामा विप्रेषण नेपाल भित्र्याउने (इनवार्ड रेमिट्यान्स) कार्य गरी आफै वा आफूद्वारा नियुक्त सब-एजेण्ट वा सब-रिप्रिजेन्टेटिभमार्फत सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी गर्नु पर्नेछ :-

(क) विप्रेषणको कार्य गर्न इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले विदेशबाट अग्रिम भुक्तानी (Pre-Funding) को रुपमा बैकिङ्ग प्रणाली मार्फत विप्रेषणको रकम विदेशी मुद्रामा नेपाल ल्याउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम विप्रेषणको रकम अग्रिम भुक्तानीको रुपमा प्राप्त नभई नेपालमा सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी दिएपछि शोधभर्नाको रुपमा रकम प्राप्त हुने अवस्थामा त्यस्तो रकमको जमानतका लागि भुक्तानी दिएको सम्पूर्ण रकमलाई खाम्ने गरी सम्बन्धित विदेशी फर्म, कम्पनी, संस्थाको तर्फबाट विदेशी बैंकबाट जारी भएको विदेशी मुद्राको कुनै पनि शर्त उल्लेख नभएको (Unconditional) जमानत वा सम्बन्धित विदेशी फर्म, कम्पनी, वा संस्थाबाट विदेशी मुद्राको नगद धरौटी प्राप्त गरेको हुनु पर्नेछ । यसरी प्राप्त भएको जमानत र नगद धरौटीको रकमले खामेभन्दा बढी हुने गरी सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी गर्न पाइने छैन । विप्रेषण कम्पनीले विदेशी फर्म, कम्पनी वा संस्थाबाट केही रकम अग्रिम भुक्तानीको रुपमा र केही रकम बैंक जमानतको रुपमा समेत प्राप्त गर्न सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको कारोबार गर्ने विप्रेषण कम्पनीले नेपालमा रहेका सम्बन्धित व्यक्ति (Beneficiary) लाई उपलब्ध गराएको रकमको शोधभर्ना सम्बन्धित विदेशी फर्म, कम्पनी, संस्थाबाट विदेशी मुद्रामा नै प्राप्त गर्नुपर्नेछ ।

(घ) खण्ड (ख) र (ग) बमोजिम नेपालमा सम्बन्धित व्यक्ति (Beneficiary) लाई भुक्तानी दिएको रकम विदेशस्थित फर्म, कम्पनी, वा संस्थाबाट शोधभर्ना लिनु पर्ने कर्तव्य सम्बन्धित विप्रेषण कम्पनीको हुनेछ ।

(ङ) विप्रेषण कारोबारबाट सृजना हुने कुनै पनि किसिमको आर्थिक वा विदेशी विनिमय दायित्व राष्ट्र बैंकले बहन गर्ने छैन ।

(च) विप्रेषण कम्पनीले आफूले पाउने कमिशन विदेशी मुद्रामा नै प्राप्त गर्नु पर्नेछ ।

(छ) विप्रेषण सम्बन्धी कारोबारको सिलसिलामा कुनै किसिमको अनियमितता गर्नु हुँदैन ।

(ज) विप्रेषण कम्पनीले विदेशी मुद्रा प्राप्त गर्ने (इनवार्ड रेमिट्यान्स) कार्य गर्न पाउने छ ।

(झ) विप्रेषण बापत प्राप्त भएको विदेशी मुद्रा राष्ट्र बैंकले तोकिदिएको अवधिसम्म विदेशी मुद्रामा नै बैंक तथा वित्तीय संस्थामा खाता खोली राख्न पाइने छ ।

(ञ) विप्रेषण कम्पनीले कार्यनीति तथा शर्तहरू सहितको आन्तरिक नियम बनाई सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटीभ नियुक्त गर्न सक्नेछ र यसरी नियुक्त गरेका सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटीभले गरेको विप्रेषण कारोबारको जिम्मेवारी सम्बन्धित विप्रेषण कम्पनीको हुनेछ ।

(ट) विप्रेषण कम्पनीले सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटिभ नियुक्त गर्दा आफ्नो बाहेक अन्य विप्रेषण कम्पनीको सब-एजेण्ट तथा सब-रिप्रिजेण्टेटिभ भई कार्य गर्न नपाउने शर्त राख्न पाउने छैन ।

(ठ) विप्रेषण कम्पनीले विदेशबाट प्राप्त विदेशी मुद्रा वैधानिक श्रोतबाट प्राप्त भएको तथा गैरकानूनी रुपमा आर्जन गरी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) प्रयोजनका लागि विप्रेषण भएको होइन भन्ने कुरामा यकिन गर्नु पर्नेछ र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रचलित राष्ट्रिय-अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूको पालना गर्नु पर्नेछ ।

(ड) विप्रेषण कारोबारको इजाजतपत्र सर्वसाधारणले देख्ने गरी कारोबार गर्ने स्थानमा राख्नु पर्नेछ ।

(ढ) विप्रेषण कम्पनीले सेवाग्राहीसँग तोकिएको सेवा शुल्क भन्दा अन्य कुनै किसिमको शुल्क लिन पाइने छैन । साथै, सेवाग्राहीलाई सेवा शुल्क बाहेक अन्य कुनै व्ययभार नपर्ने (सम्झौता गरिएको विदेशी फर्म, कम्पनी वा संस्थाले समेत) व्यवस्था मिलाउनु पर्नेछ । साथै, विप्रेषण कारोबारसँग सम्बन्धित कुनै पनि शुल्क तथा व्ययभार Beneficiary सँग लिन नपाइने व्यवस्था मिलाउनु पर्नेछ ।

(ण) **परिच्छेद-२** बमोजिमका इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले राष्ट्र बैंकको स्वीकृतिमा नेपालभित्र शाखा कार्यालय स्थापना गर्न सक्नेछ ।

(त) राष्ट्र बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक संस्थासँग सम्झौता गरी विदेशी मुद्रा पठाउने व्यक्ति वा संस्थाको अनुरोधमा भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक संस्थामार्फत निजको तर्फबाट भुक्तानी गरिदिन सक्नेछ । तर, नगद प्रयोग गरी यस्तो भुक्तानी गर्न पाइने छैन,

(थ) राष्ट्र बैंकले समय-समयमा तोकिदिए बमोजिमका अन्य कार्यहरू ।

(द) विप्रेषण कम्पनीले विनियम १० मा उल्लिखित काम गर्नु वा गराउनु हुँदैन ।

अनुसूची-७
विनियम ७ को उपविनियम (२) सँग सम्बन्धित

इजाजतपत्रको ढाँचा
(बैंक तथा वित्तीय संस्था बाहेकको हकमा)

NEPAL RASTRA BANK
CENTRAL OFFICE
FOREIGN EXCHANGE MANAGEMENT DEPARTMENT

Money Remittance Licence

License No.: NRB/FX/MR ...../ .....
This Money Remittance Licence is hereby issued to M/s (Name of Company) .................................... (Address) ...................................., in pursuant to sub section (1) of section 3 of Foreign Exchange (Regulation) Act, 2019. The Licence holder may remit or arrange to remit foreign currency from abroad who have right to send foreign currency as remittances in Nepal as per the terms and conditions mentioned below as well as given instructions attached herewith.

Place of Business (Full Address): **........................................................**

Terms and Conditions:

1. (Name of Remittance Company)................................. is authorized only for inward remittance business in foreign currency**.**
2. This Licence is not transferable.
3. This Licence shall be utilized only at the place of business where this authorization applies.
4. The remittance company shall comply with the instructions issued by the Nepal Rastra Bank from time to time.
5. The remittance company shall provide necessary information as instructed by Nepal Rastra Bank or other competent authority.
6. The remittance company shall comply with all the related provisions of Foreign Exchange (Regulation) Act, 2019, Assets (Money) Laundering Prevention Act, 2064 and Rules, Bylaws, and Regulations made thereunder.
7. This Licence must be displayed at the place of business.
8. This Licence will expire on the day of...........................

For and on the behalf of
Nepal Rastra Bank

| | | |
|---|---|---|
| | ................................. | ................................. |
| Baluwatar, Kathmandu | (...............................) | (...............................) |
| Date:............... | Assistant Director | Deputy Director |

**अनुसूची-८**
**विनियम ८ को उपविनियम (२) सँग सम्बन्धित**

**विप्रेषण इजाजतपत्रको लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा**
**(बैंक तथा वित्तीय संस्थाको हकमा)**

मिति : … … … …

नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
केन्द्रीय कार्यालय, बालुवाटार ।

विषयः- विदेशी मुद्राको विप्रेषण इजाजतपत्र पाउँ ।

महोदय,

यस कम्पनीले विदेशी मुद्राको विप्रेषण (Inward Remittance) सम्बन्धी कारोबार गर्नको लागि विनियमावलीको **अनुसूची-९** बमोजिमका कागजातहरू संलग्न गरी निवेदन पेश गरेकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ अनुसार विदेशी मुद्राको विप्रेषण इजाजतपत्र प्रदान गरिदिनुहुन अनुरोध गर्दछु/छौं ।

१. बैंक वा वित्तीय संस्थाको नाम (नेपालीमा) :..................................................
अंग्रेजीमा (BLOCK LETTER) :..........................................
२. बैंक वा वित्तीय संस्थाको ठेगाना : प्रदेश : ..................... जिल्लाः..............
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका......................वडा नं .......टोल..........
३. बैंक वा वित्तीय संस्थाको फोन नं. ....................... फ्याक्स नं.....................................
४. बैंक वा वित्तीय संस्थाको इमेल ठेगाना...................
५. बैंक वा वित्तीय संस्थाको वेवसाइट...................
६. अख्तियार प्राप्त व्यक्तिको नाम..............................मोबाईल नं..........................
७. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति..................................दर्ता नं....................
८. आयकर (PAN) दर्ता मिति................................. दता नं . ........................................
९. इजाजतपत्र शुल्क ना.नो.आ.हि. फुटकर खातामा रु. ........... जम्मा गरेको भौचर नं. .........मिति ...........

निवेदक,

दस्तखत : .........................
नाम : .............................
पद : ...............................

## अनुसूची-९
## विनियम ८ को उपविनियम (२) सँग सम्बन्धित

## विप्रेषण इजाजतपत्रको लागि निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू
## (बैंक तथा वित्तीय संस्थाको लागि)

१) विनियमावलीको **अनुसूची-८** बमोजिमको ढाँचामा निवेदन ।
२) बैंकिङ्ग कारोबारका लागि राष्ट्र बैंकबाट प्राप्त गरेको इजाजतपत्रको प्रतिलिपि ।
३) विदेशी मुद्रा कारोबारको लागि राष्ट्र बैंकबाट प्राप्त गरेको इजाजतपत्रको प्रतिलिपि ।
४) इजाजतपत्र शुल्क जम्मा गरेको सक्कल भौचर ।
५) अन्य थप कागजात आवश्यक पर्ने देखिएमा राष्ट्र बैंकले तोकिदिएको अन्य कागजातहरू ।

अनुसूची-१०
विनियम ८ को (३) सँग सम्बन्धित

इजाजतपत्रको ढाँचा
(बैंक तथा वित्तीय संस्थाको हकमा)

NEPAL RASTRA BANK
CENTRAL OFFICE
FOREIGN EXCHANGE MANAGEMENT DEPARTMENT

Money Remittance Licence

License No.: NRB/FX/MR ..../ .....
This Money Remittance Licence is hereby issued to M/s (Name of Company) .................................... (Address) ...................................., in pursuant to sub section (1) of section 3 of Foreign Exchange (Regulation) Act, 2019. The Licence holder may remit or arrange to remit foreign currency from abroad who have right to send foreign currency as remittances in Nepal as per the terms and conditions mentioned below as well as given instructions attached herewith.

Place of Business (Full Address): **........................................................**

Terms and Conditions:

1. (Name of Remittance Company)................................ is authorized only for inward remittance business in foreign currency**.**
2. This Licence is not transferable.
3. This Licence shall be utilized only at the place of business where this authorization applies.
4. The remittance company shall comply with the instructions issued by the Nepal Rastra Bank from time to time.
5. The remittance company shall provide necessary information as instructed by Nepal Rastra Bank or other competent authority.
6. The remittance company shall comply with all the related provisions of Foreign Exchange (Regulation) Act, 2019, Assets (Money) Laundering Prevention Act, 2064 and Rules, Bylaws, and Regulations made thereunder.
7. This Licence must be displayed at the place of business.
8. This Licence will expire on the day of..........................

For and on the behalf of
Nepal Rastra Bank

| | | |
|---|---|---|
| | ................................ | ................................ |
| Baluwatar, Kathmandu | (..............................) | (..............................) |
| Date:............... | Deputy Director | Director |

**अनुसूची-११**
**विनियम १२ को उपविनियम (१) सँग सम्बन्धित**

## विदेशी संस्थासँग गरेको सम्झौतामा समावेश हुनु पर्ने न्यूनतम विषयहरू

१) सम्झौता गर्ने पक्षहरूको पूरा नाम, ठेगाना, फोन नम्बर, इमेल, वेवसाइट,
२) सम्झौता गर्ने पक्षहरूको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिहरूको पूरा नाम, पद, ठेगाना, फोन नम्बर, इमेल,
३) सम्झौता भएको मिति,
४) सम्झौता बहाल रहने समय,
५) सम्झौता गर्ने पक्षहरूको काम, कर्तव्य र अधिकार,
६) विदेशी फर्म, कम्पनी, वा संस्थाले विप्रेषण कम्पनीलाई उपलब्ध गराउने अग्रिम भुक्तानी वा धरौटी सम्बन्धी विवरण,
७) विदेशबाट विप्रेषण पठाउँदा लाग्ने सेवा शुल्क सम्बन्धी विवरण,
८) सम्झौता गर्ने पक्षहरूबीच हुने आम्दानीको बाँडफाँट सम्बन्धी विवरण,
९) विदेशी फर्म, कम्पनी, वा संस्थालाई इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीले व्यहोर्ने वित्तीय तथा गैर वित्तीय सेवा सुविधा,
१०) विदेशी फर्म, कम्पनी, वा संस्थाले इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीलाई व्यहोर्ने वित्तीय तथा गैर वित्तीय सेवा सुविधा ।
११) विदेशी संस्थासँग सम्झौता गरी उक्त विदेशी संस्थामार्फत कुन-कुन देशहरूबाट नेपालमा विप्रेषण रकम भित्र्याउने हो सोको नामावली ।

## अनुसूची-१२
## विनियम १२ को उपविनियम (२) सँग सम्बन्धित

### विदेशी संस्थासँग गरेको सम्झौताको स्वीकृतिका लागि पेश गर्ने निवेदनको ढाँचा

मिति : … … … …

नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
केन्द्रीय कार्यालय, बालुवाटार ।

विषयः- विदेशी संस्थासँग गरेको सम्झौताको स्वीकृति पाउँ ।

महोदय,

यस कम्पनीले विदेशी संस्थासँग सम्बन्धित भई विदेशी मुद्राको विप्रेषण (Inward Remittance) सम्बन्धी कारोबार गर्न विदेशी संस्थासँग सम्झौता गरेको/सम्झौता संशोधन गरेको/सम्झौता नवीकरण गरेको हुँदा सोको स्वीकृतिका लागि अनुरोध गर्दछु/छौं ।

१. विप्रेषण कम्पनीको नाम (नेपालीमा) :................................................
अंग्रेजीमा (BLOCK LETTER) :.........................................
२. विप्रेषण कम्पनीको ठेगाना : प्रदेश : .................... जिल्लाः..............
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका.....................वडा नं .......टोल.........
३. विप्रेषण कम्पनीको फोन नं. ...................... फ्याक्स नं....................................
४. विप्रेषण कम्पनीको इमेल ठेगाना..................
५. विप्रेषण कम्पनीको वेवसाइट (उपलब्ध भएमा)..................
६. अख्तियारप्राप्त व्यक्तिको नाम.............................फोन/मोबाईल नं.........................
७. विदेशी फर्म, कम्पनी, वा संस्था सम्बन्धी विवरणः
क) नामः
ख) ठेगाना :
ग) इमेलः
घ) फोन नं.:
ङ) फ्याक्स नं.:
च) वेवसाइट :
छ) अख्तियारप्राप्त व्यक्तिको नाम.............................फोन/मोबाईल नं.........................

निवेदक,

दस्तखत : .........................
नाम : .............................
पद : ...............................

## अनुसूची-१३

### विनियम १२ को उपविनियम (३) सँग सम्बन्धित
### सम्झौता स्वीकृतिको ढाँचा

पत्रसंख्या :........................................................ मितिः.................

**श्री..................(विप्रेषण कम्पनी नाम)**
........... .............................**(ठेगाना) ।**

**विषयः विप्रेषण सम्झौता स्वीकृत गरिएको बारे ।**

महाशय,

त्यस विप्रेषण कम्पनीको मिति.....................को निवेदन बमोजिम विदेशी संस्थासँग आवद्ध भई विप्रेषण कारोबार गर्ने सम्झौताको स्वीकृति/संशोधन/नवीकरणका लागि अनुरोध भइआएकोमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र सो ऐन अन्तर्गत यस बैंकबाट जारी गरिएका परिपत्र, आदेश, निर्देशन, सूचना, विनियमावली र देहायका शर्तहरूको अधीनमा रही तपसिलको विदेशस्थित फर्म, कम्पनी, वा संस्थामार्फत विप्रेषण नेपाल भित्र्याउने सम्झौता स्वीकृत गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिलः

(क) विप्रेषण सम्बन्धी कार्य गर्न सम्झौता स्वीकृति प्रदान भएको विदेशस्थित फर्म, कम्पनी वा संस्थाको विवरण

| **क्र.सं.** | **नाम** | **ठेगाना (देश सहित)** |
|---|---|---|
| | | |

(ख) नेपालमा विप्रेषण रकम भित्र्याउन सकिने देशहरूको नामावलीः

| **क्र.सं.** | **विदेशस्थित फर्म, कम्पनी, वा संस्थाको नाम** | **देशको नाम** |
|---|---|---|
| | | |
| | | |

शर्तहरूः

१. यो विप्रेषण सम्झौताको स्वीकृत मिति.............सम्मको लागि प्रदान गरिएको छ ।

२. विदेशस्थित फर्म, कम्पनी वा संस्थाको इजाजतपत्र (License) को म्याद नवीकरण नभएमा राष्ट्र बैंकबाट प्रदान गरिएको उक्त विदेशस्थित फर्म, कम्पनी वा संस्थासँग कारोबार गर्ने विप्रेषण सम्झौताको स्वीकृति स्वतः समाप्त हुनेछ ।

३. विदेशस्थित फर्म, कम्पनी वा संस्थासँग गरेको विप्रेषण सम्झौताको म्यादभित्र नवीकरण नभएमा राष्ट्र बैंकबाट प्रदान गरिएको उक्त विदेशस्थित फर्म, कम्पनी वा संस्थासँग गर्ने विप्रेषण सम्झौता स्वीकृति स्वतः समाप्त हुनेछ ।

भवदीय

.................. ..................
(................) (................)

सहायक निर्देशक उप-निर्देशक

**अनुसूची-१४**
**विनियम १३ को उपविनियम (३) सँग सम्बन्धित**

## विप्रेषण इजाजतपत्रको नवीकरणका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा
## (बैंक तथा वित्तीय संस्था बाहेकको हकमा)

मिति : … … … …

नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
केन्द्रीय कार्यालय, बालुवाटार ।

विषयः- विदेशी मुद्रा विप्रेषण कम्पनीको इजाजतपत्रको नवीकरण सम्बन्धमा ।

महोदय,

यस कम्पनीले विदेशी मुद्राको विप्रेषण (Inward Remittance) सम्बन्धी कारोबार इजाजतपत्रको नवीकरणको लागि विनियमावलीको **अनुसूची-१५** बमोजिमका कागजातहरू संलग्न गरी निवेदन पेश गरेकोले विप्रेषण कारोबारको इजाजतपत्रको नवीकरण प्रदान गरिदिनुहुन अनुरोध गर्दछु/छौं ।

१) कम्पनीको नाम (नेपालीमा) :
२) कम्पनीको नाम अंग्रेजीमा (BLOCK LETTER) :
३) कम्पनीको ठेगाना : प्रदेश ………………… जिल्ला :…………
गा.पा./न.पा./उ.न.पा./म.न.पा. ……………………… वडा नं ……. टोल……….
४) कम्पनीको फोन नं. …………………… फ्याक्स नं.……………………………….
५) कम्पनीको इमेल ठेगाना……………….
६) कम्पनीको वेवसाइट……………….
७) अख्तियार प्राप्त व्यक्तिको नामः………………. मोबाईल नं.…………………..
८) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति……………………………दर्ता नं.………………..
९) आयकर (PAN) दर्ता मिति…………………………… दर्ता नं . ……………………………………
१०) वर्गीकरण हुन चाहेको वर्गः विनियम ६ को उपविनियम (१) को खण्ड (क) वा (ख) अन्तर्गतको वर्ग
११) नवीकरण शुल्क (विलम्ब शुल्क लाग्ने भए सो समेत) बापत ना.नो.आ.हि. फुटकर खातामा रु. ………..जम्मा गरेको भौचर नं. …….. मिति …….
१२) धरौटी नगदको रुपमा जम्मा भएको हकमा राष्ट्र बैंकको धरौटी खातामा रु. ………..जम्मा गरेको भौचर नं. …….. मिति …….
१३) धरौटी रकम जमानतको रुपमा जारी भएको हकमा :-
(क) बैंक/वित्तीय संस्थाको नाम : .. … … … … … … … … … … … … … … .. …
(ख) रकम रु. … … .. … … … … ..
(ग) अवधि………मिति … … … … … देखि … … … … … सम्म
१४) घरभाडा सम्झौता अनुरुप घरधनीको नाम ……………………………………………………………………
सम्झौता मिति …………………………… सम्झौता बहाल रहने मिति ………………………………………
भाडामा लिएको स्थानको पूरा ठेगाना (अनिवार्य) :
……………………………………………………………………
१५) विदेशी मुद्रा खाता खोल्ने बैंकको नाम र ठेगाना ………………………………खाता नं.………………………..
१६) कम्पनीको छाप ……………

निवेदक,

दस्तखत : …………………….
नाम : ………………………..
पद : …………………………

## अनुसूची-१५
## विनियम १३ को उपविनियम (३) सँग सम्बन्धित

### नवीकरणका लागि पेश गर्नुपर्ने कागजातहरू
### (बैंक तथा वित्तीय संस्था बाहेकको हकमा)

१) विनियमावलीको **अनुसूची-१४** बमोजिमको ढाँचामा निवेदन ।
२) नवीकरण शुल्क (विलम्ब शुल्क लाग्ने भए सो समेत) बापतको रकम राष्ट्र बैंकको ना.नो.आ.हि. फुटकर खातामा जम्मा गरेको सक्कलै भौचर ।
३) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।
४) पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको वा चालु आर्थिक वर्षको कर विवरण बुझाएको निस्सा ।
५) राष्ट्र बैंकले प्रदान गरेको अघिल्लो अवधिको इजाजतपत्रको सक्कलै प्रति ।
६) राष्ट्र बैंकमा नगद धरौटी जम्मा गरेको भए सोको सक्कल भौचर वा बैंक तथा वित्तीय संस्थाबाट जारी भएको जमानत भए सोको सक्कल प्रति ।
७) प्रचलित घरभाडा ऐन अनुरुप भएको घरभाडाको सम्झौताको प्रतिलिपि ।
८) घरधनीको तीनपुस्ते र नागरिकताको प्रतिलिपि/संस्थाको हकमा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
९) घर बहाल तिरेको निस्सा ।
१०) शेयरधनी तथा पदाधिकारी कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाण (त्यस्तो प्रमाण सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको हुनु पर्ने) ।
११) परिवर्तन भएमा मात्र पेश गर्नुपर्ने कागजातहरू:
(क) कम्पनी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक शेयर लगतको प्रतिलिपि,
(ख) प्रबन्धपत्र तथा नियमावलीको दफा परिवर्तन भएमा,
(ग) शेयरधनी/पदाधिकारी परिवर्तन भएमा निजको नागरिकता प्रमाणपत्र प्रतिलिपि,
(घ) शेयरधनी/पदाधिकारी परिवर्तन भएमा निजको १/१ प्रति फोटो,
(ङ) शेयरधनी/पदाधिकारी परिवर्तन भएमा कर्जा सूचना केन्द्रबाट कालोसूचीमा समावेश नभएको व्यहोराको प्रमाण (त्यस्तो प्रमाण सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको हुनु पर्ने) तथा व्यक्तिगत कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(च) शेयरधनी/पदाधिकारी परिवर्तन भएमा निजहरूको वैयक्तिक विवरण (Bio Data),
(छ) कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित अद्यावधिक शेयरधनी दर्ता किताबको प्रतिलिपि ।

१२) विप्रेषण कारोबार गर्दा सेवाग्राहीलाई लाग्ने सेवा शुल्क सम्बन्धी विवरण ।
१३) विप्रेषण कम्पनीको शेयरधनी, पदाधिकारी तथा निवेदक १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक भएको, मानसिक सन्तुलन ठीक भएको, ऋण तिर्न नसकी साहूको दामासाहीमा नपरेको, बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूचीमा परेको भए त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको, प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने दायित्व भएमा त्यस्तो कर चुक्ता गरेको, नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको, भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको भए त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पुगेको, कुनै सरकारी, सार्वजनिक वा बैंक वा वित्तीय संस्थाको सेवाको पदमा बहाल नरहेको, बैंक तथा वित्तीय संस्थासँगको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित नभएको र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा सजाय नपाएको व्यहोराको स्वघोषणा ।
१४) प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको प्रमाण (त्यस्तो प्रमाण सम्पूर्ण कागजात सहित निवेदन पेश गर्दा छ महिना व्यतीत नभएको हुनु पर्ने) ।
१५) सम्बन्धित सुपरिवेक्षण विभागबाट इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा No Objection Letter ।
१६) विदेशी विनिमयको कारोबार गर्न अन्य थप कागजात आवश्यक पर्ने देखिएमा राष्ट्र बैंकले तोकिदिएको अन्य कागजातहरू ।

**अनुसूची-१६**
**विनियम १३ को उपविनियम (४) सँग सम्बन्धित**

**विप्रेषण इजाजतपत्रको नवीकरणका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचा**
**(बैंक तथा वित्तीय संस्थाको हकमा)**

मिति : ... ... ... ...

नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
केन्द्रीय कार्यालय, बालुवाटार ।

विषयः- विदेशी मुद्रा विप्रेषण कम्पनीको इजाजतपत्रको नवीकरण सम्बन्धमा ।

महोदय,

यस कम्पनीले विदेशी मुद्राको विप्रेषण (Inward Remittance) सम्बन्धी कारोबार इजाजतपत्रको नवीकरणको लाीग विनियमावलीको **अनुसूची-१७** बमोजिमका कागजातहरू संलग्न गरी निवेदन पेश गरेकोले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ अनुसार विदेशी मुद्राको विप्रेषण इजाजतपत्रको नवीकरण गरिदिनुहुन अनुरोध गर्दछु/छौं ।

१. बैंक वा वित्तीय संस्थाको नाम (नेपालीमा) :.................................................
अंग्रेजीमा (BLOCK LETTER) :.........................................
२. बैंक वा वित्तीय संस्थाको ठेगाना : प्रदेश : .................... जिल्लाः.............
गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका.....................वडा नं .......टोल.........
३. बैंक वा वित्तीय संस्थाको फोन नं. ...................... फ्याक्स नं.....................................
४. बैंक वा वित्तीय संस्थाको इमेल ठेगाना..................
५. बैंक वा वित्तीय संस्थाको वेवसाइट..................
६. अख्तियार प्राप्त व्यक्तिको नाम.............................मोबाईल नं.........................
७. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति..................................दर्ता नं....................
८. आयकर (PAN) दर्ता मिति................................ दता र्न ं. .......................................
९. नवीकरण शुल्क (विलम्ब शुल्क लाग्ने भए सो समेत) बापत ना.नो.आ.हि. फुटकर खातामा रु. ...........
जम्मा गरेको भौचर नं. ............मिति ...........

निवेदक,

दस्तखत : .........................
नाम : .............................
पद : ...............................

## अनुसूची-१७
## विनियम १३ को उपविनियम (४) सँग सम्बन्धित
## विप्रेषण इजाजतपत्रको नवीकरणका लागि निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू
## (बैंक तथा वित्तीय संस्थाको हकमा)

१. विनियमावलीको **अनुसूची-१६** बमोजिमको ढाँचामा निवेदन ।
२. राष्ट्र बैंकले प्रदान गरेको अघिल्लो अवधिको विप्रेषण कारोबार इजाजतपत्रको सक्कलै प्रति ।
३. नवीकरण शुल्क (विलम्ब शुल्क लाग्ने भए सो समेत) जम्मा गरेको सक्कल भौचर ।
४. विप्रेषण कारोबार गर्दा सेवाग्राहीसँग लिइने सेवा शुल्क सम्बन्धी विवरण ।
५. सम्बन्धित सुपरिवेक्षण विभागबाट इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा No Objection Letter ।
६. अन्य थप कागजात आवश्यक पर्ने देखिएमा राष्ट्र बैंकले तोकिदिएको अन्य कागजातहरू ।

अनुसूची-१८
विनियम ३२ को उपविनियम (१) सँग सम्बन्धित

(NAME AND ADDRESS OF REMITTANCE COMPANY)
STATEMENT OF REMITTANCE
For the Month of ……………………..

| S.N. | Date | Name of remitter or sender | Foreign Currency (For e.g. USD, JPY, INR etc.) | Remittance amount in FCY | Remittance amount in equivalent NRs. | Remitting country | Name of agent/ principal in remitting country, if any | Name of beneficiary | Address of beneficiary (province & local level) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

Authorised Signature:
Name:
Designation:
Telephone/Cell No.:
Email:
Date:
Seal/Stamp:

**अनुसूची-१९**
**विनियम ३९ सँग सम्बन्धित**
अख्तियारको प्रत्यायोजन

| क्र.स. | विषय शीर्षक | अख्तियारप्राप्त अधिकारी |
|---|---|---|
| १. | विप्रेषण कारोबार गर्ने निवेदन आह्वान गर्ने स्वीकृति | गभर्नर |
| २. | थप Fit and Proper Test समेत गर्ने स्वीकृति | विभागीय प्रमुख |
| ३. | सैद्धान्तिक सहमतिको स्वीकृति | डेपुटी गभर्नर |
| ४. | भौतिक पूर्वाधारको स्थलगत निरीक्षण गर्ने स्वीकृति (बैंक तथा वित्तीय संस्था बाहेक) | विभागीय प्रमुख |
| ५. | इजाजतपत्रको स्वीकृति (बैंक तथा वित्तीय संस्था बाहेक) | गभर्नर |
| ६. | विनियम ७(५) बमोजिम पुरानो लिई नयाँ इजाजतपत्र दिने स्वीकृति | विभागीय प्रमुख |
| ७. | इजाजतपत्रको स्वीकृति (बैंक तथा वित्तीय संस्था) | विभागीय प्रमुख |
| ८. | विदेशी मुद्रा विप्रेषण कम्पनीको नाममा बैंक-वित्तीय संस्थामा खोलिएको खातामा राख्न पाइने अवधि सम्बन्धी व्यवस्था | गभर्नर |
| ९. | नेपालभित्र शाखा कार्यालय स्थापना गर्ने स्वीकृति (बैंक तथा वित्तीय संस्था बाहेक) | विभागीय प्रमुख |
| १०. | विनियम ११(१) को खण्ड (ग) बमोजिमका कार्यहरू सम्बन्धी निर्णय | गभर्नर |
| ११. | विदेशी संस्थासँग गरेको सम्झौताको स्वीकृति | विभागीय प्रमुख |
| १२. | इजाजतपत्रको नवीकरण | विभागीय प्रमुख |
| १३. | विनियम १३ को उपविनियम (५), (६) र (७) सम्बन्धी स्वीकृति | विभागीय प्रमुख |
| १४. | विनियम १३ को उपविनियम (८) बमोजिम इजाजतपत्र खारेजीको स्वीकृति | गभर्नर |
| १५. | विनियम १३ को उपविनियम (९) बमोजिम प्रोत्साहन स्वरुप नवीकरण शुल्कमा छुट सम्बन्धी व्यवस्था | गभर्नर |
| १६. | विनियम १३ को उपविनियम (९) बमोजिम स्वतः खारेजी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने स्वीकृति | गभर्नर |
| १७. | विनियम १५ बमोजिम कारबाहीको स्वीकृति | गभर्नर |
| १८. | विनियम १६ र १७ बमोजिम सजाय तथा जरिवाना | नेपाल राष्ट्र बैंक विप्रेषण कारोबार निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७९ (बैंक-वित्तीय संस्था बाहेकको हकमा) र बैंक तथा वित्तीय संस्थाको हकमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (बैंक-वित्तीय संस्थाको हकमा) बमोजिम |
| १९. | गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सैद्धान्तिक सहमतिको स्वीकृति तथा सैद्धान्तिक सहमति रद्द/खारेज गर्ने स्वीकृति | डेपुटी गभर्नर |
| २०. | विनियम २४(५) बमोजिमको स्वीकृति | डेपुटी गभर्नर |
| २१. | विनियम २७(२) बमोजिम थप विवरण/कागजात माग गर्ने निर्णय | विभागीय प्रमुख |
| २२. | गाभ्ने/गाभिने वा प्राप्तिको अन्तिम स्वीकृति | गभर्नर |
| २३. | कारोबारको स्थान परिवर्तनको स्वीकृति | विभागीय प्रमुख |
| २४. | शेयर स्वामित्व परिवर्तनको स्वीकृति | डेपुटी गभर्नर |
| २५. | विनियम ३१ बमोजिम कारोबार बन्द गर्ने स्वीकृति | डेपुटी गभर्नर |
| २६. | विनियम ३३ बमोजिम विवरण माग गर्ने निर्णय | विभागीय प्रमुख र सम्बन्धित सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक |
| २७. | विनियम ३४ र ३५ सम्बन्धी निर्णय | गभर्नर |
| २८. | विदेशमा शाखा/प्रतिनिधि कार्यालय/सहायक कम्पनी खोल्ने सम्बन्धी स्वीकृति | गभर्नर |
| २९. | विद्युतीय माध्यमबाट विप्रेषण भित्र्याउने सम्बन्धी व्यवस्था | गभर्नर |